## बागमती प्रदेश सभा

# प्रदेश मामिला समिति

# वार्षिक प्रतिवेदन ,२०८२




प्रदेश मामिला समितिको सचिवालय

हेटौँडा , मकवानपुर

बागमती प्रदेश सभा

# प्रदेश मामिला समिति

# वार्षिक प्रतिवेदन २०८२

प्रदेश मामिला समिति

हेटौडा, नेपाल

# प्रदेश मामिला समितिमा रहनु हुने माननीय सदस्यहरु



**सभापति**

मा.छिरीङ दोर्जे लामा



सदस्य

मा.ईन्द्र बहादुर बानिया



सदस्य

मा.उद्धव थापा



सदस्य

मा.उर्मिला सुनुवार



सदस्य

मा.कन्चन चन्द्र वादे



सदस्य

मा. कुमारी तामाङ



सदस्य

मा.कृष्ण प्रसाद शर्मा खनाल



सदस्य

मा.गंगा नारायण श्रेष्ठ



सदस्य

मा. जगनाथ थपलिया



सदस्य

मा.जयराम थापा



सदस्य

मा. प्रभात तामाङ



सदस्य

मा. युवराज चौंलागाई



सदस्य

मा. रत्न प्रसाद ढकाल



सदस्य

मा.डा. राजेन्द्र मान श्रेष्ठ



सदस्य

मा.राधिका तामाङ



सदस्य

मा. शालिकराम जमकट्टेल



सदस्य

मा. शिवराज अधिकारी



सदस्य

मा. सुरेन्द्रराज गोसाई



**समिति सचिव**

प्रतिज्ञा देवकोटा

# बागमती प्रदेश सभा

# प्रदेश मामिला समिति

**सभापति**

**माननीय छिरीङ दोर्जे लामा**

सदस्यहरु:

| क्र.सं. | नाम थर | सम्पर्क नम्बर |
|---|---|---|
| १ | मा. ईन्द्र वहादुर बाँनिया | |
| २ | मा. उध्दव थापा | |
| ३ | मा. उर्मिला सुनुवार | |
| ४ | मा. कन्चन चन्द्र वादे | |
| ५ | मा. कुमारी तामाङ | |
| ६ | मा. कृष्ण प्रसाद शर्मा खनाल | |
| ७ | मा. गंगा नारायण श्रेष्ठ | |
| ८ | मा. जगन्नाथ थपलिया | |
| ९ | मा. जयराम थापा | |
| १० | मा. प्रभात तामाङ | |
| ११ | मा. युवराज चौलागाई | |
| १२ | मा. रत्न प्रसाद ढकाल | |
| १३ | मा. डा. राजेन्द्र मान श्रेष्ठ | |
| १४ | मा. राधिका तामाङ | |
| १५ | मा. शालिकराम जमकट्टेल | |
| १६ | मा. शिवराज अधिकारी | |
| १७ | मा. सुरेन्द्र राज गोसाई | |

# मन्तव्य



**मानानीय सभामुख महोदय,**

प्रदेश सभा नियमावलीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालयको काम कारबाहीका साथै महालेखा परीक्षक र प्राकृतिक श्रोत तथा वित्त आयोग बाहेकका संवैधानिक आयोगका विषय माथि संसदीय निगरानी गर्ने तथा सरकारबाट पेश भएका विधेयकहरू माथि छलफल तथा विशेषज्ञको सुझाव समेत समेटि सभामा प्रतिवेदन पेश गर्ने, ऐनबाट निर्देशित गरेका नियमावली, निर्देशिका, आदेश आदि प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन सम्बन्धी कार्यहरूका साथै मन्त्रालय तथा निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, राजस्व र व्यय सम्बन्धी अनुमान तयार गर्ने तरिका, सार्वजनिक सम्पत्तिको हिनामिना हुन नदिने साथै प्रचलित ऐन, नियम बमोजिम भए गरेका काम कारबाहीहरूलाई पारदर्शी र जनता प्रति उत्तरदायी बनाउने जिम्मेवारी प्रदान गरे बमोजिम समितिले आफ्ना छलफल र काम कारबाहीहरूलाई केन्द्रित गरेको छ।

हाल १८ सदस्यीय यस समिति, गठन भएदेखि यो प्रतिवेदन तयार गर्दाको अवधिसम्म समितिका जम्मा १५ वटा बैठकहरू सम्पन्न भएका छन् । उक्त बैठकहरूमा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०७९ मा संशोधन गर्नु पर्ने विषयका बारेमा माननीय मूख्यमन्त्री, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री लगायत प्रमुख सचिवको उपस्थितिमा, समितिमा छलफल गरी मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई आवश्यक निर्देशन दिएको थियो । यस्तै गरी, बैठकमा छलफलका क्रममा, प्रदेश सरकारले स्पष्ट मापदण्ड बिना योजना तर्जुमा गर्ने परिपाटी र प्रत्येक योजनाका लागि अलग-अलग कार्यविधि निर्माण गर्नुपर्ने झन्झटिलो प्रक्रियाका कारण आवधिक योजनाहरूको कार्यान्वयनमा देखिएको समस्याप्रति ध्यानाकर्षण गराउँदै, सो सम्बन्धमा आवश्यक निर्देशन समेत प्रदेश सरकारलाई दिइएको थियो । यसका साथै, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग छलफल गर्नुका साथै संवैधानिक आयोगका प्रतिवेदन माथि छलफल लगायतका कार्यहरु समितिका बैठकमा भएका थिए ।

२०८१ साल असोज १०, ११, र १२ गतेको अविरल वर्षाका कारण बागमती प्रदेशका विभिन्न स्थानहरूमा बाढी तथा पहिरोका कारण बागमती प्रदेशका यातायात सेवा

प्रभावित भएको सन्दर्भमा यस समितिका कामकारबाही पनि प्रभावित नभएका होइनन्। यद्यपि यस चुनौतीका बाबजुद पनि समितिको गत वर्षको वार्षिक प्रतिवेदन सभा समक्ष पेश भएपछि यो प्रतिवेदन तयार गर्ने अवधिसम्म जम्मा ७ वटा बैठकहरू सम्पन्न भएका छन् । उक्त बैठकहरू, संवैधानिक आयोगका वार्षिक प्रतिवेदन सम्बन्धमा पदाधिकारिहरूसँग छलफल, प्रदेश सुशासन ऐन र प्रदेश सवारी तथा यातायात ऐनको उत्तरविधायिकी परीक्षण सम्बन्धमा दुईवटा उपसमिति गठन, विपद् व्यवस्थापन सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग छलफल आदि विषयहरूसँग सम्बन्धित थिए।

समितिमा यो वर्ष विधेयकहरू प्राप्त दफावार छलफलको लागि प्राप्त भएनन् । यद्यपी कानुन निर्माण मात्र समितिको कार्य नभई कानून कार्यान्वयनको अवस्था मापन पनि विधायन कार्य भएको हुँदा उत्तरविधायिकी परीक्षणलाई समितिले उच्च प्राथमिकता दिएको थियो । सो कार्यसम्पादनका लागि गठन भएका उपसमितिले प्रदेशका विभिन्न कार्यालयहरूमा स्थलगत अनुगमन गरी त्यहाँका वस्तुगत यथार्थ बुझी सरोकारवाला पक्षसँग अन्तर्क्रिया गरेर तयार पारेका प्रतिवेदन समिति समक्ष पेश भईसकेका छन् । यसरी प्रदेश मामिला समितिले प्रदेशमा सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

यस वर्ष समितिले माननीय सदस्यहरूका लागि विधेयक मस्यौदा तयारी एवं प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्यो । उक्त कार्यक्रमले माननीय सदस्यहरूलाई विधेयकको मस्यौदा तयार गर्ने सैद्धान्तिक एवं व्यवहारिक पक्षहरूबारे विस्तृत जानकारी प्रदान गर्नुका साथै, प्रतिवेदन लेखनमा आवश्यक संरचना, भाषा शैली र तथ्य प्रमाण संकलन गर्ने सीपहरूमा समेत क्षमता विकास गर्न मद्दत पुर्याएको छ।

यसका साथै, अन्तरप्रदेश अनुभव आदानप्रदानको सन्दर्भमा गण्डकी प्रदेश सभाको प्रदेश मामिला तथा कानून समितिसँग समन्वय गरी अनुभव आदानप्रदान कार्यक्रम पनि सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा दुबै प्रदेशका समितिहरूबीच विधायन प्रक्रिया, समिति सञ्चालनका अभ्यासहरू, कानुनी विश्लेषण, प्रतिवेदन लेखनको प्रक्रिया तथा प्रदेश सरकार र स्थानीय सरकारबीचको अन्तरसम्बन्ध, दुवै समितिका असल अभ्यास लगायतका विषयमा विस्तृत छलफल र अनुभव साझा गरियो । यस्ता अन्तरप्रदेशीय आदानप्रदान कार्यक्रमहरूले प्रदेश सभाबीच सहकार्य र ज्ञान साझेदारीको संस्कार प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

हालको अवस्थामा जलवायु परिवर्तन, भूगर्भीय जोखिम, महामारी, आगलागी, बाढी पहिरो लगायतका विविध प्रकृतिका विपद्का घटनाहरू प्रदेशमा दोहोरिएर आइरहेका छन्। यस्ता विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले दीर्घकालीन नीति, पूर्वतयारी र तत्काल राहत तथा पुनः स्थापना कार्यका लागि ठोस योजना बनाउन अत्यावश्यक छ। विपद् व्यवस्थापनसँग सम्बन्धित कानूनी व्यवस्था, संस्थागत संरचना र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश सरकारले अझ गम्भीर भएर कदम चाल्नुपर्ने देखिन्छ।

समयानुकूल कानुन निर्माण तथा अद्यावधिक नगर्दा विपद् प्रतिकार्य कमजोर देखिएको छ, जसले जनधनको क्षति बढाउने जोखिम रहन्छ। तसर्थ, प्रदेश सरकारले विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी आवश्यक कानुनी तथा नीतिगत सुधार गर्न गम्भीर ध्यान दिनु अत्यन्त जरुरी छ।

साथै, प्रदेश सभामा सरकारका कामकारबाहीका सम्बन्धमा मसिनो र प्रभावकारी छलफल हुन नसकेको परिस्थितिलाई दृष्टिगत गर्दा, विषयगत समितिहरूका वार्षिक प्रतिवेदनमाथि सभामा व्यापक, तथ्यपरक र परिणाममुखी छलफल गरी सभाको गरिमालाई अझ बढाउन आवश्यक देखिन्छ।

## माननीय सभामुख महोदय,

अन्त्यमा समितिको कार्य सम्पादनमा सहयोग पुर्याउनुहुने प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, आ-आफ्नो जिम्मेवारी निर्वाह गरी समितिलाई विशेष सहयोग पुर्याउनुहुने समितिका सम्पुर्ण माननीय सदस्यहरु, प्रदेश सभाका सचिव, सचिवालय सचिव, समिति सचिव, लगायत सचिवालयमा कार्यरत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ ले प्रदान गरेको जिम्मेवारी वमोजिमको समितिको वार्षिक प्रतिवेदन सोही नियमावलीको नियम १५८ बमोजिम सम्मानित सभामा पेश गर्दछु।

**धन्यवाद**

मितिः२०८२/०२/३०

**छिरीङ दोर्जे लामा**
**सभापति**
**प्रदेश मामिला समिति**
**बागमती प्रदेश**

# विषय-सुची

## परिच्छेद-१
## प्रारम्भिक


१.१ पृष्ठभूमि
१.२ समितिको गठन
१.३ समितिको कार्य क्षेत्र, काम, कर्तव्य र अधिकार
    १.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र
    १.३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्र
    १.३.३ श्रम,रोजगार तथा यतायात मन्त्रालयको कार्यक्षेत्र
    १.३.४ प्रदेश मामिला समितिको काम, कर्तव्य र अधिकार
    १.३.५ उप-समितिको गठन, काम, कर्तव्य र अधिकार
१.४ सीमा


## परिच्छेद-२
## समितिबाट सम्पादित मुख्य कार्यहरु


२.१ बैठक तथा छलफल सम्बन्धी कार्य
२.२ उपसमिति गठन सम्बन्धी कार्य
२.३ समितिद्वारा सम्पन्न कार्यक्रमहरु
    २.३.१. विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम
    २.३.२. समितिका सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रम


## परिच्छेद-३
## निष्कर्ष


३.१ निष्कर्ष

अनुसुची-१ समितिको बैठकमा माननीय सदस्यको उपस्थिति विवरण
अनुसुची-२ प्रदेश मामिला समितिका सदस्यहरूको विवरण
अनुसुची-३ प्रदेश मामिला समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालय तथा कार्यालयहरूको विवरण
अनुसूची-४ तस्वीरहरू

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

शक्ति पृथकीकरणको सिद्धान्तअनुसार कार्यपालिकालाई व्यवस्थापिका प्रतिको उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न, साथै कार्यपालिकाबाट भएका कामकारबाहीको अध्ययन, अनुगमन र मूल्याङ्कन गर्न, प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कार्य हेर्न तथा सरकारले समय-समयमा सार्वजनिक गरेका प्रतिवद्धताको कार्यान्वयनको स्थिति र नागरिकमा प्रवाह गरिएको सेवाको गुणस्तर तथा प्रभावकारिता सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन वा सुझाव प्रदान गर्न व्यवस्थापिकामा विभिन्न विषयगत तथा विशेष समितिहरू गठन गर्ने व्यवस्था छ।

यसैअनुसार, प्रदेश सरकारलाई प्रदेशसभाप्रति उत्तरदायी र जवाफदेही बनाउने उद्देश्यले तथा सरकारका गतिविधिको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरू गठन गरिएको छ। सोही क्रममा प्रदेश मामिला समितिको पनि गठन गरिएको हो।

समितिको कार्यक्षेत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय तथा तीअन्तर्गतका निकायहरूका नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापहरूको मूल्याङ्कन गरी सम्बन्धित निकायहरूलाई आवश्यक निर्देशन दिनु र समुचित टिप्पणी, सिफारिस तथा निर्देशनसहित वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्नु पर्दछ।

संविधानअनुसार सरकार र संसद एकअर्काका परिपूरक अंग हुन्। यी दुई अंग शक्तिपृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रणका सिद्धान्तअनुसार एकअर्कालाई सन्तुलित र नियन्त्रण गर्ने प्रणालीमा कार्य गर्छन्। संसदले सरकार निर्माण गर्ने भएकाले सरकार सधैं संसद प्रतिको उत्तरदायी हुन्छ भने संसद पनि आफैले निर्माण गरेको सरकारप्रति सचेत र जिम्मेवार रहन्छ।

वास्तवमा, संसदीय समितिहरूमार्फत सरकारको संसदप्रतिको उत्तरदायित्व सुनिश्चित गरिन्छ। यस प्रक्रियामा सरकारले अघि सारेका नीति, कार्यक्रम र गतिविधिहरूलाई प्रचलित नीति, नियम तथा कानुनको मापदण्डमा मूल्याङ्कन गर्दै ती कार्यक्रमहरूको लागत, लाभ र उपलब्धिलाई हेरेर समग्र प्रभावको निगरानी संसदीय समितिबाट गरिन्छ।

## १.२ समितिको गठनः

नेपालको संबिधानको धारा १९३ बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा व्यवस्था भए अनुसार प्रदेश सभाको मिति २०८० असार १२ गते बसेको बैठकको सहमति

बमोजिम माननीय सभामुखबाट यस समितिका सदस्यहरुको मनोनयन भएको थियो। माननीय सभामुखले प्रदेश सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा बाइस जना सदस्यहरु मनोनयन गर्ने कानूनी व्यवस्था अनुसार यस समितिमा सभापति सहित अठार जना माननीय सदस्यहरु कायम रहेको छ।

## १.३ समितिको कार्य क्षेत्र, काम, कर्तव्य र अधिकारः

प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ (१) बमोजिम समितिको कार्य क्षेत्र निम्न बमोजिम रहेको छ। बागमती प्रदेश सभाको दोस्रो अधिवेशनको मिति २०८० भाद्र २४ गते बसेको बैठकवाट प्रदेश सभा नियमावली, २०७४ को नियम १४७ बमोजिम सोहि नियमावलीको १४६ मा व्यवस्था भएको विषयगत समितिको कार्यक्षेत्रका अतिरिक्त सो समितिको कार्य क्षेत्र भित्र श्रम, रोजगार तथा यातायात मन्त्रालय सभावाट स्वीकृत भएकोले समितिको कार्यक्षेत्र भित्र बागमती प्रदेश सरकारका ३ मन्त्रालयहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय र उपभोक्ताको हितको सवाल रहेकोमा प्रदेश सभा नियमावलीको पहिलो संशोधनले उपभोक्ता हित सम्बन्धि कार्य हटाई महालेखा परिक्षकको कार्यालय र प्राकृतिक स्रोत तथा वित्त आयोग बाहेकका सबै संवैधानिक आयोगहरु समेत यस समितिको कार्यक्षेत्र अन्तर्गत रहेका छन्।

### १.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रः

१. प्रदेशमन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,
२. प्रदेश भित्रको शासनव्यवस्थाको सामान्य निर्देशन,नियन्त्रण र सञ्चालन,
३. प्रदेशसरकारको कार्य विभाजन तथा कार्यसञ्चालन,
४. प्रदेशसरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वय,अनुगमन र मूल्याङ्कन,
५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
६. प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथामूल्याङ्कन र नियन्त्रण,
७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
८. प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
९. प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र त्यसको सम्बोधन,
१०. मानव अधिकार संरक्षण र प्रवर्द्धन,
११. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,

१२. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र संघीय तथा प्रदेशिक आयोगसँगको सम्पर्क र समन्वय,

१३. संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा वहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,

१४. प्रदेश प्रमुखको सम्पर्क सम्वन्धी विषय (प्रतिवेदन समेत),

१५. अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

१६. प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधासम्बन्धि नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,

१७. निर्वाचन कार्यमा सहयोग र समन्वय,

१८. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१९. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन नीति,कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन,

२०. प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

२१. प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,

२२. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन,

२३. गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा।

**१.३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्रः**

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. प्रदेश भित्र भ्रमणमा रहेका अति विशिष्ट व्यक्ति र विशिष्ठ व्यक्तिहरुको सुरक्षा र समन्वय

४. संघिय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय

५. संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,

६. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

७. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी,

८. प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण,

९. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

१०. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धन सहयोग,

११. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

१२. सामुदायिक प्रहरी,

१३. प्रदेश भित्रका न्यायिक र अर्धन्यायिक निकायले गरेका फेसला कार्यान्वयन

१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,

१५. गुनासो र विवाद व्यवस्थापन,

१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,

१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

२०. अन्तरप्रदेश सुरक्षा सम्बन्ध,

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा , कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

२२. स्थानीय प्रशासन संचालन, व्यवस्थापन र समन्वय,

२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र,धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र नियमन,

२४. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद्जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून कार्यान्वयन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२५. प्रदेश सरकारले दिने उपाधि,सम्मान तथा सिफारिस,

२६. प्रदेशस्तरमा सार्वजनिक समारोह बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापना,

२८. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

२९. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत)सम्बन्धी नीति,कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,
३०. प्रदेशस्तरमा तारयुक्त र तारविहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,
३२. प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन,
३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन,
३४. साइबर सुरक्षा अनुगमन,
३५. प्रदेश सरकार अन्तरगतका निकायहरुमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन,नियमन र सञ्चालन
३६. छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन,
३७. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,
३८. श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,
३९. प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार सम्बन्धी,
४०. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,
४१. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन,
४२. चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन,
४३. प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका एवम् कार्यविधिको सहमति
४४. प्रदेश राजपत्रकमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन
४५. प्रदेश कानूनको प्रकाशन र वितरण
४६. प्रदेश सरकारलाई आवश्यक पर्ने कानुन तथा कानूनी लिखतको अनुवाद
४७. कानूनको एकिकरण र संहिताकरण
४८. नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताको अभिलेखिकरण, प्रकाशन
४९. व्यक्तिगत घटना जन्म मृत्यु विवाह र तथ्याङ्क सम्वन्धी कार्य
५०. सम्पति प्राप्ती,अधिकरण र अधिकार क्षेत्रको सिर्जना
५१. प्रदेश सरकारले गर्नु पर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य।

### १.३.३ श्रम तथा रोजगार तथा यातायात मन्त्रालयको कार्य क्षेत्रः

१. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन
२. प्रदेशभित्रको सवारीदर्ता र नवीकरण, चालक अनुमति र नवीकरण
३. सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन,अनुसन्धान,कार्यान्वयन तथा नियमन
४. प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडादर समायोजन तथा निर्धारण तथा अनुगमन एवम् नियमन
५. वातावरणमैत्री, अपाङ्गतामैत्री, र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन
६. प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्वन्धी योजना निर्माण र कार्यान्वयन
७. श्रम तथा रोजगार प्रवर्द्धन सम्वन्धी प्रदेशिक नीति,योजना,कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन एवं स्थानीय सरकार संग समन्वय
८. श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड यूनियन सम्वन्धी प्रदेशिक नीति,कानुन,मापदण्ड र नियम
९. श्रम बजार सम्वन्धी अध्ययन,अनुसन्धान र श्रमशक्ति योजना
१०. रोजगार प्रवर्द्धन सम्वन्धी प्रादेशिक नीति,कानून तथा मापदण्ड तर्जुमा,कार्यान्वयन र नियमन
११. औद्योगिक विवाद समाधान,श्रम सम्वन्धमा सुधार र न्यायिक निरुपण
१२. कार्यस्थल सुरक्षा, कलकारखाना निरीक्षण तथा नियमन
१३. प्रदेश तहमा सडक सुरक्षा सम्वन्धी नीति, योजना निर्माण,कार्यान्वयन तथा अनुगमन
१४. ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिण्डीकेट तथा कार्टेलिङ नियन्त्रण

### १.३.४ प्रदेश मामिला समितिको काम, कर्तव्य र अधिकार

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ बमोजिम प्रदेश मामिला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

१. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यससँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
२. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहीत नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

३. मन्त्रिपरिषदका सदस्यहरूले प्रदेशसरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेशसरकारद्वारा के-कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

४. विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

५. प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका कामकारबाहीबारे छलफलगरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६. प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग,समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमनगरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

८. बैठकले सुम्पेको अन्य काम गर्ने,

९. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने, र तोकिए बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरू सँग समेत विचारको आदान-प्रदान गर्ने।

## १.३.५ उप-समितिको गठन, काम, कर्तव्य र अधिकार

**१. उप-समितिको गठनः** समितिले आफ्नो अधिकार क्षेत्रभित्र रहेको कामलाई व्यवस्थित र छिटो छरितो ढंगबाटसञ्चालन गर्न फरक फरक क्षेत्रमा काम गर्ने गरी उप-समिति गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ। निश्चित कार्यक्रम र योजनाको लागि समयावधि तोकेर सदस्यहरूको जिम्मेवारी दोहोरो नपर्ने गरी आवश्यकता अनुसार उप-समिति गठन गर्न सकिनेछ। यसरी उप-समिति गठन गर्दा उप-समितिका सदस्यहरूले आफूमध्येबाट एक जना संयोजक चयन गर्नु पर्नेछ।

**२. उप-समितिको काम, कर्तव्य र अधिकारः**

(क) सम्बन्धित मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र विधेयक माथि दफावार छलफलका लागि समितिलाई सहयोग गर्ने।

(ख) सम्बन्धित क्षेत्रमा क्रियाशिल व्यक्ति र संघ संस्थासँग छलफल आयोजना गरी राय सुझाव संकलन गर्ने।

(ग) वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

(घ) वार्षिक कार्ययोजना तथा विशेष कार्यक्रमको लागि आवश्यक बजेट तयार गरी समितिको बैठकमा पेश गर्ने।

(ङ) उप-समितिको बैठकले कामको प्रकृति अनुसार छिटो छरितो काम सम्पन्न गर्न आवश्यकता अनुसार उप-समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्न सक्नेछ।

(च) सम्बन्धित क्षेत्रको विकासका लागि उचित परियोजना तयार गरी बजेटको व्यवस्था गर्न समिति मार्फत सरकारको ध्यानाकर्षण गराउने।

(छ) उप-समितिले गरेका काम र संकलन गरेका तथ्य, तथ्याङ्क र विवरणको आवश्यकता अनुसार विभिन्न माध्यमद्वारा प्रचार प्रसार गर्ने।

(ज) सम्बन्धित विषयमा अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक राय तथा सल्लाह सहित समितिमा प्रतिवेदन पेश गर्ने।

### १.५. सीमाः

समितिको वार्षिक प्रतिवेदन, २०८१ प्रदेश सभामा पेश गरेदेखि यो प्रतिवेदन समितिद्वारा पारित गर्दाको अवधिसम्मका समितिका मुख्य मुख्य कामकारबाहीलाई प्रस्तुत प्रतिवेदनले समेटेको छ। यस प्रतिवेदनले मुख्य गरेर समितिका बैठक एवम् बैठकसम्बन्धी विवरण, उपसमितिको बैठकसम्बन्धी विवरण, बैठकका निर्णयहरू, समितिका मुख्य कार्यक्रमहरू लगायतका विषयवस्तुलाई समेटेको छ।

# परिच्छेद-२
# समितिबाट सम्पादित मुख्य कार्यहरु

## २.१ बैठक तथा छलफल सम्बन्धी कार्य

प्रदेश मामिला समिति गठन भएपश्चात् समितिबाट यो प्रतिवेदन पारित गर्दाको अवधिसम्म समितिको जम्मा १५ वटा बैठकहरू सम्पन्न भएका छन्। समितिको वार्षिक प्रतिवेदन, २०८१ प्रदेश सभामा पेश भएको अवधिबाट यो प्रतिवेदन पारित गर्दाको अवधिसम्म समितिका जम्मा ७ वटा बैठकहरू सम्पन्न भए। बैठकका निर्णय सहितको विवरण देहाय बमोजिम रहेका छन्।

### २.१.१ मिति २०८० भाद्र १९ गते बसेको पहिलो बैठकको निर्णय

१. प्रदेश मामिला समितिको आजको बैठक यस समितिका ज्येष्ठ सदस्य माननीय शिवराज अधिकारीको अध्यक्षतामा बस्ने निर्णय गरियो।

२. प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८० तयार गरी मिति २०८० भाद्र २५ गते भित्र समितिमा प्रतिवेदन सहित पेश गर्ने कार्यदेश सहित तपसिलका माननीय सदस्यहरु रहेको "आन्तरिक कार्यविधि तयारी उपसमिति" गठन गर्ने निर्णय गरियो।

तपसिलः

१. माननीय जयराम थापा
२. माननीय उद्धव थापा
३. माननीय राधिका तामाङ
४. माननीय छिरिङ दोर्जे लामा
५. माननीय कृष्ण प्रसाद शर्मा खनाल

३. बागमती प्रदेश सभाका पूर्व माननीय सदस्य डा. राजाराम कार्कीको असामयिक निधन भएकोमा शोक प्रस्ताव पारित गरियो।

### २.१.२ मिति २०८० असोज १६ गते बसेको दोस्रो बैठकको निर्णय

१. प्रदेश मामिला समितिको आजको बैठक यस समितिका ज्येष्ठ सदस्य माननीय शिवराज अधिकारीको अध्यक्षतामा बस्ने निर्णय गरियो,

२. **"आन्तरिक कार्यविधि तयारी उपसमिति"** ले तयार गरी समितिमा पेश गरेको प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८० को दफा ८ को उपदफा (१) र उपदफा (२) मा रहेको **"तोकेको मिति, समय र स्थानमा"** शब्दको को सट्टा **"तोकेको मिति र समयमा"** भन्ने शब्द राख्ने निर्णय गरियो।

३. **"आन्तरिक कार्यविधि तयारी उपसमिति"** ले तयार गरी समितिमा पेश गरेको प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८० लाई निर्णय नम्बर २ को संशोधनलाई कार्यविधिमा समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।

**२.१.३ मिति २०८० असोज २१ गते बसेको तेस्रो बैठकको निर्णय**

१. "प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" (यसपछि विधेयक भनिएको) को प्रस्तावित दफा ४६ को उपदफा (१क) मा रहेको "कारवाहीका लागि रजिष्ट्रारले" भन्ने शव्दहरुको सट्टा"कारवाहीका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले" भन्ने शव्दहरु राखे।

२. विधेकको प्रस्तावित दफा ५३ (क)मा रहेको "क्षमता विकासका लागि सञ्चार रजिष्ट्रारले" भन्ने शव्दहरुको सट्टा"क्षमता विकासका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले" भन्ने शव्दहरु राखे।

**२.१.४ मिति २०८० असोज २१ गते बसेको चौथो बैठकको निर्णय**

१. समितिको वैठकमा प्राप्त प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक उपर दफावार छलफल गरी समितिले गरेको निर्णय सहितको प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरीयो।

२. समितिमा रेकर्डिङ सिस्टमको व्यवस्था गरी नमुना वैठक बनाउने।

**२.१.५ मिति २०८१ जेठ ५ गते बसेको पाँचौ बैठकको निर्णय**

१. बागमती प्रदेश सभा अन्तरगतको प्रदेश मामिला समितिको सभापति पदमा निर्वाचित गरियोस भन्ने प्रस्तवको सूचना एउटा मात्र प्राप्त भएकोले वागमती प्रदेश सभा नियमावली २०७४ को नियम १४९ को उप नियम (५)बमोजिम प्रदेश मामिला समितिको सभापति पदमा माननीय श्री छिरीङ्ग दोर्जे लामा निर्विरोध निर्वाचित हुनु भयो।

**२.१.६ मिति २०८१ जेठ १६ गते बसेको छैठौं बैठकको निर्णय**

१. नवनियूक्त प्रदेश मामिला समितिका सभापति छिरीङ्ग दोर्जे लामालाई वधाई ज्ञापन गर्ने।

२. प्रदेश लोक सेवा आयोगको चौथो वार्षिक प्रतिवेदन माथी सामान्य छलफल भयो र थप छलफलका लागि लोक सेवा आयोगका पदाधिकारीलाई अर्को बैठकमा छलफलका लागि वोलाउने निर्णय गरीयो ।

३. समितिको वार्षिक प्रतिवेदन २०८१ तयार पारी समितिको आगामि वैठकमा पेश गर्ने निर्णय गरियो।

**२.१.७ मिति २०८१ जेठ ३२ गते बसेको सातौं बैठकको निर्णय**

१. माननीयहरुको सुझावलाई समावेश गरी सचिवालयले तयार पारेको समितिको वार्षिक प्रतिवेदन २०८१ सभा समक्ष पेश गर्ने निर्णय गरीयो।

## २.१.८ मिति २०८१ श्रावण १६ गते बसेको आठौं बैठकको निर्णय

१. प्रदेश लोक सेवा आयोगको अध्यक्षको पद रिक्त रहेको लामो समय भै सकेको र हाल सम्म पनि अध्यक्षको पदपुर्ति हुन नसकेकोले कर्मचारीहरुको बढुवा प्रकृया लगायतका कार्यहरु गर्न आवश्यक समन्वय गरी प्रदेश लोक सेवा आयोगको अध्यक्षको पदपुर्ति प्रकृया अगाडि बढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो।

२. संङ्घीय निजामती सेवा ऐन आई नसकेको अवस्थामा आवश्यक समन्वय गरी प्रदेश निजामती सेवा ऐन,२०७९ र स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन,२०७९ मा तत्काल संशोधन गर्नु पर्ने दफाहरु संशोधन गरी विधेयक संसदमा पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

३. बिपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण सम्वन्धमा प्रदेश मामिला समितिले दिएका निर्देशन र बिपद् जोखिम क्षेत्र पहिचान तथा न्यूनीकरण विषयमा समितिले पठाएको प्रतिवेदनहरुमा उल्लेखित कार्यहरु कार्यान्वयनमा लैजाने व्यवस्था गर्न र प्रदेश बिपद् व्यवस्थापन ऐन,२०७५ मा संशोधन गर्नु पर्ने दफाहरु संशोधन गरी विधेयक संसदमा पेस गर्न आन्तरिक मामिला तथा कानुन मन्त्राललाई निर्देशन दिने निर्णय गरियो।

## २.१.९ मिति २०८१ असोज ७ गते बसेको नवौं बैठकको निर्णय

१. बागमती प्रदेश भित्र सुशासनको प्रत्याभूती गर्ने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन र सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको ऐनको कार्यान्वयन मापन गर्न एवं सो सम्बन्धी अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी तपशिल बमोजिमको संयोजक र सदस्यहरू रहने गरी  निम्न अनुसारको उपसमितिहरू गठन गर्ने निर्णय गरियो।

**क) सुशासन ऐन कार्यान्वयन सम्वन्धी अध्ययन उपसमिति**

(१) माननीय उर्मिला सुनुवार -संयोजक

(२) माननीय कन्चन चन्द्र वादे -सदस्य

(३) माननीय कुमारी तामाङ -सदस्य

(४) माननीय प्रभात तामाङ -सदस्य

(५) माननीय युवराज चौलागाईं -सदस्य

**ख) सवारी तथा यातायात ऐन कार्यान्वयन अध्ययन उपसमिति**

(१) माननीय राधिका तामाङ -संयोजक

(२) माननीय जयराम थापा -सदस्य

(३) माननीय रत्न ढकाल -सदस्य

(४) माननीय डा. राजेन्द्रमान श्रेष्ठ -सदस्य

(५) माननीय शिवराज अधिकारी -सदस्य

२. उपसमितिले आफ्नो काम कारवाही व्यवस्थित बनाउन आफ्नो आन्तरिक कार्यविधि निर्माण गरी लागु गर्न सक्ने छ।

३. उपसमितिले आफ्नो कामको शिलशिलामा स्थलगत अनुगमन गर्नु परेमा सभापति मार्फत सभामुखको अनुमती लिएर स्थलगत अवलोकन भ्रमण गर्न सक्नेछ।

४. उपसमितिको कार्यावधि उपसमितिको पहिलो बैठक बसेको मितिले ४५ दिनको हुनेछ।

५. नजिकिंदो चाडपर्वलाई ध्यानमा राखि यात्रुहरूसंग वढी भाडालिई सवारी चलाउने व्यवसायीलाई आवश्यक कारवाही गर्ने र यातायातको उचित व्यवस्थापन गर्नको लागि प्रदेश सरकारलाई निर्देशन दिने।

६. सम्पूर्ण प्रदेशवासी नागरिकहरुलाई नजिकिंदै गरेको २०८१ सालको दशैं, तिहार, नेपाल सम्वत र छठ पर्वको अवसरमा हार्दिक शुभ-कामना व्यक्त गर्ने।

## २.१.१० मिति २०८१ मंसिर २५ गते बसेको दसौं बैठकको निर्णय

१. बागमती प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग प्रदेशको विपद् व्यवस्थापना सम्बन्धमा यस समितिमा छलफल भयो ।

२. मिति २०८१ साल असोज १०, ११, र १२ गतेको अविरल वर्षाका कारण बागमती प्रदेशका विभिन्न स्थानहरूमा बाढी तथा पहिरोका कारण ठूलो धनजनको क्षति भएको सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिवज्यूसँग विस्तृत विवरणसहित छलफल गरी जानकारी लिने कार्य सम्पन्न गरियो। यस्ता विपद्हरू आउनुअघि आवश्यक पूर्वतयारी अपनाउन, प्रदेश विपद् व्यवस्थापन कोषमार्फत उद्धार, राहत वितरण, तथा पुनर्निर्माण प्रक्रियालाई सहज र प्रभावकारी बनाउन निर्देशन दिने निर्णय गरियो।

## २.१.११ मिति २०८१ मंसिर २६ गते बसेको एघारौं बैठकको निर्णय

१. आ.व. २०८१/८२ को प्रदेश मामिला समितिको वार्षिक बजेट सम्बन्धमा छलफल गरेर सि.नं. २.७.२५.२८ मा रहेको "समितिको सभापतिको नेतृत्वमा अन्तरप्रदेश भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम" अन्तर्गत गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिसँग अनुभव आदानप्रदान गरी गण्डकी प्रदेश भ्रमण गर्ने कार्य २०८१ साल चैत्र महिनामा गर्ने निर्णय गरियो।

२. मिति २०८१ असोज १०, ११ र १२ मा भएको अविरल वर्षाको कारण उत्पन्न विपद्‌ले गर्दा उपसमितिका कामकारबाहीमा वाधा पुर्याएकाले सुशासन ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमिति र सवारी तथा यातायात ऐन कार्यान्वयन अध्ययन उपसमितिको समयावधि ३० दिन थप गर्ने निर्णय गरियो।

## २.१.१२ मिति २०८१ मंसिर २७ गते बसेको बाह्रौं बैठकको निर्णय

१. बागमती प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरुसँग प्रदेश लोकसेवा आयोगको चौथो वार्षिक प्रतिवेदन माथि छलफल गरियो।

## २.१.१३ मिति २०८१ फागुन २० गते बसेको तेह्रौं बैठकको निर्णय

१. बागमती प्रदेश **"लोकसेवा आयोगको पाँचौ वार्षिक प्रतिवेदन"** सम्बन्धमा समितिमा छलफल गरियो र सो प्रतिवेदनको छलफल सम्बन्धमा लोकसेवा आयोगका पदाधिकारी र प्रदेश सचिवसँग संयुक्त रुपमा अर्को बैठकमा बस्ने निर्णय गरियो।

२. यस समितिअन्तर्गत गठित **"सवारी तथा यातायात ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमिति"** ले विविध कारणवश कार्य सम्पन्न गर्न नसकेकोले सवारी तथा यातायात ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमितिको लागि चैत्र मसान्तसम्म समयावधि थप गर्ने निर्णय गरियो।

३. आ.व. २०८१/०८२ को प्रदेश मामिला समितिको वार्षिक बजेट सम्बन्धमा सि.न. २.७.२५.२८ मा रहेको **"समितिका सभापतिको नेतृत्वमा अन्तरप्रदेश भ्रमण तथा अनुभव आदान प्रदान कार्यक्रम"** अन्तर्गत समितिको मिति २०८१/०८/२६, बैठक संख्या ११, सि.न. १ मा गण्डकी प्रदेश सभा अन्तर्गतको प्रदेश मामिला तथा कानून समितिसँग अनुभव आदानप्रदान गर्ने निर्णयानुसार मिति २०८१ चैत्रमा गण्डकी प्रदेश सभा जाने कार्यक्रम कारणवश जान असमर्थ भएको हुँदा २०८२ जेठभित्र जाने निर्णय गरियो।

४. आ.व. २०८१/०८२ को प्रदेश मामिला समितिको वार्षिक बजेट सम्बन्धमा सि.न. २.७.३४.९ मा रहेको **"विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम"** अन्तर्गत समितिले उद्योग, पर्यटन तथा वातावरण समितिसँग संयुक्त रूपमा वैशाख महिनामा सम्पन्न गर्ने निर्णय गरियो।

५. यस समितिबाट गठित **"प्रदेश सुशासन ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमिति"** ले आफ्नो कार्यक्षेत्र बमोजिम काम सम्पन्न गरी सो को प्रतिवेदन यस समितिमा पेश गरेकोमा समितिका संयोजक र सदस्यहरुलाई समितिमार्फत धन्यवाद ज्ञापन गरियो ।

## २.१.१४ मिति २०८२ जेठ ६ गते बसेको चौधौं बैठकको निर्णय

१. बागमती प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरुसँग प्रदेश लोकसेवा आयोगको चौथो वार्षिक प्रतिवेदन माथि छलफल गरियो र उक्त छलफलमा उठेका समस्याका विषयलाई समाधानको पहलका निम्ति आवश्यक कागजातहरू समितिलाई उपलब्ध गराउने व्यहोरा जानकारी दिने निर्णय गरियो।

२. प्रदेश मामिला समितिले आ.व. २०८१/८२ मा सम्पादन गरेका कार्यहरू समेटी समिति समक्ष १५ दिनभित्र प्रतिवेदन पेश गर्ने गरी तपशिल बमोजिमको संयोजक र सदस्यहरू रहने गरी निम्न अनुसारको उपसमिति गठन गर्ने निर्णय गरियो।

**वार्षिक प्रतिवेदन तयारी उपसमिति**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | माननीय जयराम थापा | संयोजक |
| २. | माननीय कुमारी तामाङ | सदस्य |
| ३. | माननीय युवराज चौलागाईं | सदस्य |

३. यस समितिबाट गठित **"सवारी तथा यातायात ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमिति"** ले आफ्नो कार्यक्षेत्र बमोजिम काम सम्पन्न गरी सो को प्रतिवेदन यस समितिमा पेश गरेकोमा समितिका संयोजक र सदस्यहरुलाई समितिमार्फत धन्यवाद ज्ञापन गर्ने ।

## २.१.१५ मिति २०८२ जेठ ३० गते बसेको पन्ध्रौं बैठक

१. वार्षिक प्रतिवेदन उपसमितिले तयार गरेको प्रतिवेदन माथि समितिमा छलफल गरियो।

२. **"वार्षिक प्रतिवेदन तयारी उपसमिति"** ले आफ्नो कार्यक्षेत्र बमोजिम काम सम्पन्न गरी प्रतिवेदन यस समितिमा पेश गरेकोमा समितिका संयोजक र सदस्यहरुलाई समितिमार्फत धन्यवाद ज्ञापन गरियो।

## २.१.१६ मिति २०८२ जेठ ३० गते बसेको सोहौं बैठक

१. प्रदेश सभा नियमावली, २०७४ को नियम १५८ को उपनियम (१) बमोजिम समितिको छैठौं वार्षिक प्रतिवेदन,२०८२ सम्मानित सभामा मिति २०८२/०२/३० गते पेश गर्ने निर्णय गरियो ।

## २.२ उपसमिति गठन सम्बन्धी कार्य

बागमती प्रदेश भित्र सुशासनको प्रत्याभूती गर्ने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन र सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको ऐनको कार्यान्वयन मापन गर्न एवं सो सम्बन्धी अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी प्रदेश मामिला समितिको मिति २०८१ असोज ७ गते बसेको नवौं बैठकको निर्णय बमोजिम देहायका २ वटा उपसमितिहरु गठन भएका थिए। प्रदेश मामिला समिति अन्तर्गत पछिल्लो एक वर्ष भित्र गठन भएका उपसमिति सम्बन्धी विवरण यस प्रकार छ। :-

### (क) सुशासन ऐन कार्यान्वयन सम्वन्धी अध्ययन उपसमिति

प्रदेश मामिला समितिको मिति २०८१ असोज ७ गते बसेको नवौं बैठकको निर्णय बमोजिम माननीय उर्मिला सुनुवारको संयोजकत्वमा देहायका ५ सदस्यीय सुशासन ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमिति गठन भएको थियो :-

| | |
|---|---|
| माननीय उर्मिला सुनुवार | -संयोजक |
| माननीय कन्चन चन्द्र वादे | -सदस्य |
| माननीय कुमारी तामाङ | -सदस्य |
| माननीय प्रभात तामाङ | -सदस्य |
| माननीय युवराज चौलागाईं | -सदस्य |

यस उपसमितिले बागमती प्रदेशमा रहेका विभिन्न जिल्लाका ११ वटा कार्यालयमा स्थलगत अनुगमनका साथै बागमती प्रदेशस्थित विभिन्न मन्त्रालयका सचिव, कर्मचारी एवं निजी क्षेत्रका पदाधिकारी र सरोकारवालासँग अन्तर्क्रिया सन्चालन गरी प्रतिवेदन तयार गरि कार्य सम्पन्न गरी मिति २०८१ फागुन २० गते आफ्नो प्रतिवेदन समितिको तेह्रौं बैठकमा पेश गरेको थियो ।

## उपसमितिले पेश गरेको प्रतिवेदनको सारांश

## पृष्ठभूमी

सुशासन एक आदर्श हो, यो आधुनिक राजनीतिको एक अपेक्षित मानक हो, जसले राज्यलाई नागिरकसंगको व्यवहारमा र एक अर्काको बीचको व्यवहारमा विश्वासिलो, अझ सुन्दर र सभ्य बनाउँछ । भ्रष्टाचार सम्बन्धी विषय नेपाली राजनीतिक इतिहाँसमा सदियौं देखि घृणाको विषय बन्दै आएको हो भने सुशासनका लागि प्रयासहरु हुँदै आएका थिए । "न्याय नपाए गोर्खा जानु", "घुस दिन्या र खान्या मुलुकका शत्रु हुन्, तिनीहरुको ज्यानै लिन्यापनि पाप लाग्दैन," "जनताको घरबाट सित्तैमा केही लिनु हुँदैन" भन्ने जस्ता महत्वपूर्ण उक्तिहरुले समेत सुशासन कायम राख्न अधिकतम प्रयासहरु हुँदै आएका हुन् । तर यति हुँदा हुँदै पनि भर्खरै प्रकाशित भएको एम्नेष्टि इन्टरनेशनलको प्रतिवेदनले नेपाल अति भ्रष्टाचार हुने मुलुकमा परेको छ भने गतसाल भन्दा १ स्थान तल खस्केर १३७ औं मुलुकबाट १३८ औंमा पुगेको छ । अतः सुशासन कायम गर्ने विषय चोतर्फीरुपमा एउटा गम्भिर चुनौती बन्दै गएको छ ।

बागमती प्रदेशको प्रदेश सभाले प्रदेशमा सुशासन कायम गर्न प्रदेश सुशासन ऐन, २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको छ । उक्त ऐन जारी भएको करिव ४ बर्ष पश्चात ऐनको कार्यान्वयनको अवस्था, ऐन कार्यान्वयनमा देखा परेका जटिलता र चुनौती लगायतका विषयमा उत्तर विधायिकी परिक्षण गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह, सुझाव र राय तथा निर्देशिनसहितको प्रतिवेदन पेश गर्नको लागि बागमती प्रदेश सभा, प्रदेश मामिला समितिको तर्फबाट उपसमिति गठन गरी सुशासन ऐन कार्यान्वयन उपसमितिलाई प्रदेश सुशासन ऐन कार्यान्वयन मापन अर्थात उत्तर विधायिकी परिक्षणको लागि कार्यभार तोकिएको थियो । उक्त कार्यदिश बमोजिम उपसमितिले अध्ययन मापन गरी प्रतिवेदन तयार पारेको छ ।

## उद्देश्य

क. प्रदेशमा सुशासन कायम गर्न बनेको ऐनको प्रभावकारी कार्यान्वयनका लागि बनेका नियमावली, निर्देशिका, संस्थागत संरचना र सेवा प्रवाहको अवस्था र सुधारका उपायहरुको खोजी गर्नु,

ख. प्रदेश तहबाट हाल सञ्चालनमा रहेका कार्यक्रमहरुको प्रभावकारिता र आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपायहरुको पहिचान गर्नु,

ग. सुशासनका क्षेत्रमा सेवा प्रदायक निकायहरुबाट प्रदान भएका सेवाहरु, उक्त निकायले भोगेका चुनौतीहरु, उक्त चुनौतीको सम्बोधन गर्दै प्रदेशस्तरका संस्थागत संरचनाहरुलाई थप पारदर्शी, जवाफदेही बनाउँदै नागरिकको सेवा प्रवाहमा चुस्तता र गुणस्तरयुक्त बनाउँदै प्रदेश सभाले जारी गरेको ऐनको अक्षरशः पालनाका लागि प्रदेश सभाको तर्फबाट प्रदेश सरकारलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन सहित ऐनको प्रभावकारीता मापन गर्ने,

घ. आगामी दिनमा प्रदेश तहबाट बन्ने कानूनमा गुणस्तरीयता अभिवृद्धि गर्दै सम्पूर्ण कानूनको प्रभावकारी कार्यान्वयनका लागि मार्ग पहिचान गर्नु, र

ङ. प्रदेश सभाको निगरानी सम्बन्धी भूमिकालाई थप प्रभावकारी बनाउँदै प्रदेश सरकारलाई थप जवाफदेही बनाउन र ऐनको कार्यान्वयनमार्फत प्रदेश तहका काम कारवाहीहरु स्वच्छ, पारदर्शी, सहभागीतामुलक र उच्च कोटीको बनाउँदै प्रदेशलाई थप प्रभावकारी बनाउन पहल गर्नु ।

## अध्ययन विधि

अध्ययन प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि सैद्धान्तिक तथा व्यावहारिक दुवै अध्ययन विधि (doctrinal and non doctrinal) अपनाइएको छ । अध्ययनमा हालसम्म भएका नीतिगत व्यवस्था खासगरी संवैधानिक व्यवस्था, विद्यमान कानून तथा सोको कार्यान्वयनसम्बन्धी प्रदेश तहबाट भएका अभ्यासहरु तथा यससँग सम्बन्धित प्रकाशित लेख रचनाहरूको अध्ययन गरिएको छ भने कार्यान्वयनको सम्बन्धमा लक्षित समूहसंग छलफल, प्रमुख सूचनादाताहरूसँग अन्तर्वार्ता र व्यक्तिगत घटना अध्ययन गरिएको छ । त्यसैगरी अध्ययन टोलीले बिभिन्न सेवा प्रदायक निकायको अनुगमन गरी व्यवस्थितरुपमा तयार पारिएको प्रश्नावलीसहित प्रदेश सुशासन केन्द्र, ललितपुर, जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, मालपोत कार्यालय, साँखु, मेलम्ची नगरपालिका, कृषि विकास कार्यालय, नुवाकोट (कार्यक्षेत्रः रसुवा, नुवाकोट), खानेपानी तथा सरसफाई डिभिजन नं ४, रामेछाप (कार्यक्षेत्र दोलखा, रामेछाप, सिन्धुली), पूर्वाधार विकास कार्यालय, काभ्रेपलान्चोक (कार्यक्षेत्र काभ्रेपलान्चोक र भक्तपुर), शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलान्चोक, पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौं, यातायात व्यवस्था कार्यालय, साना÷ठुला सवारी, यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा व्यापक अन्तकृयाहरु सञ्चालन गरेको छ ।

त्यसबाहेक उपसमितिको नेतृत्वमा प्रदेश सभा सचिवालय, बागमती प्रदेश हेटौंडामा विभिन्न मन्त्रालयका जिम्मेवार पदाधिकारीहरु, कर्मचारी तथा माननीय सदस्यूहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो भने बागमती प्रदेशस्थित नीजि क्षेत्रका बिभिन्न सरोकारवालाहरुसंग समेत लक्षित समुह छलफल कार्यक्रमहरु सञ्चालन गरी पृष्ठपोषण प्राप्त गरेको छ । प्रतिवेदनले विद्यमान कानूनको अध्ययन तथा समीक्षा गरेको छ । त्यसैगरी अध्ययनको क्रममा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु, अन्य समितिका सदस्य, प्रमुख सचिव लगायत बिभिन्न मन्त्रालयका सचिवहरु, प्रदेश सभा सचिवालयका सचिव, परियोजनाका बिभिन्न जिम्मेवार व्यक्तिहरुसँग समेत छलफल गरी वहाँहरुका पृष्ठपोषण अध्ययनमा समेटिएको छ ।

## सुझावहरु

यस समीक्षात्मक अध्ययनका आधारमा सरोकारवालाहरुलाई देहाय वमोजिम सुझावहरु प्रस्ताव गरिएको छ ।

### १. प्रदेश सरकारलाई

**अ. सरकारको तर्फवाट विधेयक तयार गर्दा देहायका विषयमा ध्यान दिन जरुरी देखिन्छ ।**

(क) ऐनको मस्यौदा गर्दा संविधानले तहगत सरकारलाई के कस्ता अधिकारहरु प्रदान गरेको छ सो विषयमा स्पष्ट भएर कानूनको मस्यौदा तर्जुमा गर्ने। प्रदेशले कानून तर्जुमा गर्दा कानूनका व्यवस्थाहरु कार्यान्वयन गर्नुपरेको अवस्थामा कानून कार्यान्वयन अधिकारीले संघीय कानून वमोजिम गर्ने भएकोले प्रदेश कानून निष्प्रभावी हुने अवस्था आउन सक्छ भन्ने कुरामा आवश्यक ध्यान दिनुपर्ने।

(ख) कानूनको मस्यौदा लेखनमा एकरुपता कायम गर्न प्रदेश मन्त्रालयबीच समन्वय र सहकार्यको संस्कारको विकास गर्नुपर्ने। ऐन मस्यौदाका क्रममा प्रत्यायोजित विधायनको प्रस्ताव गर्दा सभाको स्वायत्तता र अख्तियारीको सम्मान हुने गरी गर्नुपर्दछ। ऐनको मस्यौदा गर्दा कानूनको आवश्यकता परिपूर्ति गर्ने, आवश्यक विषयको संग्रह हुने, कानूनको प्रभावकारी कार्यान्वयनका लागि उचित संरचनागत व्यवस्था समावेश गर्ने, प्रत्यायोजित विधायन अन्तर्गत विधि निर्माण गर्ने विषयमा व्यवस्थापिकीय नियन्त्रणको अवस्था, समावेशी तथा सहभागिताको समुचित व्यवस्था समेतका विषयमा ध्यान दिन जरुरी रहेको देखिन्छ ।

**आ. नीतिगत सुधारतर्फ**

(क) प्रदेश सुशासन ऐन, २०७७ कार्यन्वयनको लागि गुनासो सुनुवाई संयन्त्र, सार्वजनिक सुनुवाई, कार्य सम्पादन करार, घुम्ती सेवा सञ्चालन कार्यविधि आदिको लागि निर्देशिका बनाई जारी गर्नुपर्ने,

(ख) ऐन कार्यान्वयन गर्न क्षेत्रगत कानूनमा परिमार्जन आवश्यक देखिने भएकोले उक्त कानूनहरुको उत्तर विधायिकी परिक्षण गरी वा अध्ययन गरी प्रदेश सभामा आवश्यक संशोधनको लागि पेश गर्ने,

(ग) सेवा प्रवाहमा दोहोरोपन हटाउँदै सेवा प्रदायक निकायलाई प्रभावकारी बनाउन छाता समन्वय विधेयक तयार पारी प्रदेश सभामा पेश गर्ने,

(घ) संविधानको धारा २३५ (३) बमोजिम प्रदेश र स्थानीय तह (समन्वय तथा विवाद समाधान) विधेयक मस्यौदा गरी प्रदेश सभामा पेश गर्ने,

(ङ) प्रदेश सुशासन केन्द्र गठन आदेशबाट गठित प्रदेश सुशासन केन्द्र रहेको र यसमा नाम र काममा स्पष्टता देखिएन । अतः प्रदेश सुशासन केन्द्र सम्बन्धी ऐन तर्जुमा गरी काम कर्तब्य र अधिकारको स्पष्ट ब्यबस्था गर्नु पर्दछ । हाल रहेको सबै मन्त्रालय मातहतका कार्यन्वयन इकाईहरुको पुर्णसंरचना गरी प्रत्येक जिल्लामा एकिकृत कार्यन्वयन इकाईको स्थापना गर्ने र प्रत्येक जिल्ला सदरमुकाममा सुशासन केन्द्रको स्थापना गरी अनुगमन तथा नियमन गर्ने गरी सन्चालन गरेमा आर्थिक भार कम हुनुको साथै सेवा प्रवाहमा छिटो छरितो र सर्वसुलभ हुने देखिन्छ । सुशासन केन्द्रको काम कर्तब्य र अधिकारमा सामन्यतः प्रदेश मातहतका सरकारी तथा गैरसरकारी संस्थाको नियमन, अनुगमन,प्रशिक्षण तथा संघ संस्थाको दर्ता खारेज र जनताको सेवा प्रवाह संबन्धि गुनासो सुनवाई तथा कार्बाही सम्बन्धि स्पष्ट ब्यबस्था गर्नु पर्दछ ।

(च) मन्त्रालय कहिले जोडिने, कहिले टुक्रने भएका कारण काममा अन्योलता भएको, ठुलो संख्यामा टुक्रे आयोजनाहरु बिभिन्न मन्त्रालय अन्तर्गत रहेको, योजनाहरु अधुरा,अपुरा र मातहत कार्यलय तथा मन्त्रालयमा स्पष्ट तथ्याँक नरहेको कारण माग सम्बोधन गर्न कठिनाई भएका विषयलाई सम्बोधन गर्न स्पष्ट नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने।

### इ. ऐनको कार्यान्वयनतर्फ

(क) ऐनको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संस्थागत संरचना, दक्ष र पर्याप्त कर्मचारी उपलब्ध गराउनु पर्ने । कार्यालय दोहोरो, तेहेरो परेका ठाउँमा संघ र स्थानीय तहसंग आवश्यक समन्वयका लागि विषयगत समितिलाई सकृय बनाउनुपर्ने,

(ख) बजेट विनियोजन गर्दा स्पष्ट मापदण्ड बनाई आबश्यक्ताको आधारमा उपयोगिताको पुष्टि हुने गरी सर्वपक्षिय सहभागितामुलक तथा दिर्घकालिन बिकासको आधार पुष्टि हुने गरी प्रदेशको कार्यक्षेत्र भित्र रही बजेट तर्जुमा गर्ने, स्थानीय तहबाट सुरुवात गर्ने, सहभागीतामुलक पद्दतीको अवलम्बन गर्ने र टुक्रे योजनाको अन्त्य गर्ने ।

(ग) परियोजना बैंक बनाएर योजना छनौट गर्ने अभ्यास थालनी यथासिघ्र गर्नुपर्ने ।

(घ) अध्ययनमा बजेट विनियोजन पश्चात मापदण्ड तयार पारि कार्यान्वयन गरिएको समेत फेला परेकोले मापदण्ड बमोजिम बजेट बिनियोजन हुने कि, बजेट बमोजिम मापदण्ड बनाउने भन्ने विषयमा स्पष्ट हुनु आवश्यक छ । आगामि दिनहरुमा स्पष्ट मापदण्ड बिना बजेट बिनियोजन नगर्ने अभ्यासको कडाइका साथ लागु गर्नुपर्ने ।

(ङ) सेवा प्रदायक निकायलाई जग्गाको विवाद, रुख काट्न, पोल हटाउन सहयोग प्राप्त नभएको अवस्थामा उक्त निकायहरुसंग आवश्यक समन्वय गरी मार्ग प्रशस्त गर्नुपर्ने ।

(च) प्रदेश सरकारको लगानीमा निर्माण भएका संरचना संबन्धित निकाय वा स्थानीय तहलाई हस्तान्तरण नभएका कारण वेवारिसे भएको भन्ने अध्ययनबाट फेला परेकाले कार्यविधिमा संशोधन गरी तदारुकताका साथ कार्यान्वयन गर्नुपर्ने ।

(छ) नेपालको उत्पादन भारततर्फ जान नदिने तर आयातमा रोक नलगाउने गरेका कारण स्थानीय कृषकहरु मर्कामा परेको विषय सम्बोधन गर्न आवश्यक समन्वय र सहजीकरण तर्फ ध्यान दिनुपर्ने।

## निष्कर्ष

बागमती प्रदेशवाट करीव ६६ वटा ऐनहरु तर्जुमा भई कार्यान्वयनमा आएका छन् । ती ऐनहरु मध्ये प्रदेश सुशासन ऐन, २०७७ ले सम्पूर्ण प्रदेशको शासन व्यवस्था, जनताले प्राप्त गर्ने सेवामा सहजता, सेवा सर्वसुलभ र छरितो हुनु पर्नेमा गर्दछ । संविधानले बाँडफाँड गरेको अधिकारको सीमाभित्र रही प्रत्येक सरकारले आफ्नो कार्यक्षेत्रको सुशासन कायम गरी सेवा प्रवाह गर्ने उदेश्यले सुशासन ऐन बनाएकोले गर्दा संघ, प्रदेश र स्थानिय तहले तर्जुमा गरेको सुशासन ऐन उस्ताउस्तै देखिएता पनि आ आफ्नै कार्यक्षेत्र र दायरा छन ।

यति हुँदाहुँदै पनि प्रदेश स्थापनाका समयमा संघबाट कर्मचारी समायोजन गरी आएको भएर र हालसम्म पनि प्रदेश सरकारले पुर्णरुपले कर्मचारी ब्यबस्थापन गर्न नसक्नुले कानून कार्यन्वयनको पक्षलाई लिएर केही अस्पष्ट वा कठिनाई भएको पाइन्छ। त्यसैले प्रदेश सरकारले कर्मचारी नियुक्ति, सरुवा, बढुवा सम्बन्धि स्पष्ट मापदण्ड बनाइ कर्मचारी ब्यबस्थापन गरेमा सुशासन ऐन कार्यन्वयनमा रहेको कठिनाई वा समस्याको समाधान हुने देखिन्छ ।

कानून तर्जुमा नितान्त प्राविधिक विषय भएको र कानूनमा प्रयुक्त कुनै शव्द, अक्षर, कमा वा पुर्णविरामको आफ्नै मुल्य र महत्व हुने सन्दर्भमा कानून मस्यौदामा केही त्रुटीहरु भएको देखिन्छ। त्यसैगरी प्रदेशको आफ्नै स्रोत साधनमा कानून कार्यान्वयन अधिकारीको अभाव,संवैधानिक अधिकारका वारेमा स्पष्ट सीमा निर्धारणको अभाव र संघले समयमा संघिय ऐन, कानून नबनाउनुले प्रदेश कानुन तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता ल्याउने विषय आफैमा चुनौतीपूर्ण देखिन्छ ।

यति हुँदा हुँदैपनि यस ऐनको प्रभावकारी कार्यान्वयनले प्रदेशको गरिमा उच्च राख्न र संघीय सरकार, अन्य प्रदेश सरकार र स्थानीय तहको लागिसमेत मार्गदर्शन बन्न सक्ने देखिन्छ। त्यसको लागि कतिपय संविधानमा रहेका जटिलता, कतिपय क्षेत्रगत ऐनको संशोधन आवश्यक देखिन्छ। संस्थागत सुधारका सम्बन्धमा कतै दोहोरो तेहेरो कार्यालय भएको कतै हुँदै नभएको, कतै काम नै नपाएर बस्नु परेको त कतै निकै चाप भएको पाइएको छ। भौगोलिक कठिनाईका कारणसमेत कार्यान्वयन पक्षमा केही जटिलता भएको देखिन्छ।त्यसैले संस्थागत संरचनालाई पुनर्संरचना गर्नु पर्ने देखिन्छ भने सेवा प्रवाहमा प्रभावकारीता, कर्मचारी व्यवस्थापन, टुक्रे योजना प्रणालीको अन्त्य,

सहकार्यमुलक नीति तथा योजना तर्जुमा र कार्यान्वयन हुन सकेमा यसले सहि अर्थमा संघीय प्रणालीलाई सघाउ पुर्याउँदै प्रदेशको गरिमालाई निकै बढाउन सक्ने हुन्छ।

## (ख) सवारी तथा यातायात ऐन कार्यान्वयन अध्ययन उपसमिति

प्रदेश मामिला समितिको मिति २०८१ असोज ७ गते बसेको नवौं बैठकको निर्णय बमोजिम माननीय राधिका तामाङको संयोजकत्वमा देहायका ५ सदस्यीय सुशासन ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमिति गठन भएको थियो :-

| | |
|---|---|
| माननीय राधिका तामाङ | -संयोजक |
| माननीय जयराम थापा | -सदस्य |
| माननीय रत्न ढकाल | -सदस्य |
| माननीय डा. राजेन्द्रमान श्रेष्ठ | -सदस्य |
| माननीय शिवराज अधिकारी | -सदस्य |

यस उपसमितिले बागमती प्रदेशमा रहेका विभिन्न जिल्लाका ८ वटा यातायात सम्बन्धी कार्यालयहरुमा स्थलगत अनुगमनका साथै सरोकारवालासँग अन्तर्क्रिया सन्चालन गरी प्रतिवेदन तयार गरि कार्य सम्पन्न गरेर मिति २०८२ जेठ ६ गते आफ्नो प्रतिवेदन समितिको चौधौं बैठकमा पेश गरेको थियो ।

**उपसमितिले पेश गरेको प्रतिवेदनको सारांश**

### पृष्ठभूमी

नेपालको संविधानले संघीय प्रणालीको अवलम्बन गरी संघ, प्रदेश र स्थानीय तहगरी तीन तहको संरचना अवलम्बन गरेको छ भने अधिकारसमेत तीन तहमा बिभाजन गरेको छ। प्रदेश तहले समेत आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा राज्य शक्तिको प्रयोग गर्ने एकल र सहशासनको अधिकारको व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार संविधानद्वारा नै सुनिश्चित गरिएको छ। उक्त अधिकारको प्रयोग गर्दै बागमती प्रदेशको प्रदेश सभाले प्रदेशमा सवारी तथा यातायात व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन सवारी तथा यातायात ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

उक्त ऐन कार्यान्वयन गर्ने सम्बन्धमा हाल प्रदेश सवारी तथा यातायात नियमावली तर्जुमा गरी जारी गर्ने प्रकृयामा रहेको छ। ऐन जारी भएको करिव ६ बर्षपश्चात ऐनको कार्यान्वयनको अवस्था, ऐन कार्यान्वयनमा देखा परेका जटिलता र चुनौती लगायतका विषयमा उत्तर विधायिकी

परिक्षण गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह, सुझाव र राय तथा निर्देशिनसहितको प्रतिवेदन पेश गर्नको लागि बागमती प्रदेश सभा, प्रदेश मामिला समितिको तर्फबाट सवारी तथा यातायात व्यवस्था ऐन कार्यान्वयन अध्ययन उपसमिति गठन गरी सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५ कार्यान्वयन उपसमितिलाई प्रदेश सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५ कार्यान्वयन मापन अर्थात उत्तर विधायिकी परिक्षणको लागि कार्यभार तोकिएको थियो ।प्रदेश सभा, प्रदेश मामिला समितिका माननीय सभापती श्री छिरिङ्ग दोर्जे लामाको नेतृत्व तथा सवारी तथा यातायात व्यवस्था ऐन कार्यान्वयन उपसमितिका संयोजक माननीय राधिका तामाङको संयोजकत्वमा उपसमितिका माननीय सदस्यज्यूहरु, प्रदेश सभा सचिवालय र विषय विज्ञ समेतको संलग्नतामा अध्ययनको थालनी गरिएको थियो । करिव ३ महिनाको अवधिमा गरिएको अध्ययनको आधारमा उपसमितिको तर्फबाट यो प्रतिवेदन तयार पारिएको छ ।

## उद्देश्य

संसदको विधयिकी र गैरविधायिकी भूमिका अन्तर्गत कानून तर्जुमा भएपश्चात उक्त कानून कार्यान्वयनको मापन गरी सरकारलाई आवश्यक राय, सल्लाह र सुझाव दिने समेतको जिम्मेवारी हो । त्यसको लागि संघीय संसद अन्तर्गत राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन गरी प्रत्येक ऐन कार्यान्वयन भएको पाँच बर्षपश्चात उक्त ऐनको कार्यान्वयन अवस्थाको मापन गर्ने व्यवस्थासहित बिभिन्न बिषयगत समितिहरुमा कार्यक्षेत्र विस्तार र हेरफेर गरिएको छ । बागमती प्रदेश सभा,प्रदेश मामिला समितिको तर्फबाट थालनी गरिएको यस अध्ययनको उद्देश्य निम्न बमोजिम रहेका छन्:

क. प्रदेशमा सवारी तथा यातायातलाई ब्यवस्थित र मर्यादित बनाउन बनेको ऐनको प्रभावकारी कार्यान्वयनका लागि बनेका अन्य कानूनहरु, संस्थागत संरचना र सेवा प्रवाहको अवस्था र सुधारका उपायहरुको खोजी गर्नु,

ख. प्रदेश तहबाट हाल सञ्चालनमा रहेका कार्यक्रमहरुको प्रभावकारिता र आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपायहरुको पहिचान गर्नु,

ग. सवारी तथा यातायातका क्षेत्रमा सेवा प्रदायक निकायहरुबाट प्रदान गरिएका सेवाहरु, उक्त निकायले भोगेका चुनौतीहरु, उक्त चुनौतीको सम्बोधन गर्दै प्रदेशस्तरका संस्थागत संरचनाहरुलाई थप पारदर्शी, जवाफदेही बनाउँदै नागरिकको सेवा प्रवाहमा चुस्तता र गुणस्तरयुक्त बनाउँदै प्रदेश सभाले जारी गरेको ऐनको अक्षरशः पालनाका लागि प्रदेश सभाको तर्फबाट प्रदेश सरकारलाई आवश्यक राय, सल्लाह, सुझाव र निर्देशनसहित ऐनको प्रभावकारीता मापन गर्ने,

घ. आगामी दिनमा प्रदेश तहबाट बन्ने कानूनमा गुणस्तरीयता अभिवृद्धि गर्दै सम्पूर्ण कानूनको प्रभावकारी कार्यान्वयनका लागि मार्ग पहिचान गर्नु, र

ङ. प्रदेश सभाको निगरानी सम्बन्धी भूमिकालाई थप प्रभावकारी बनाउँदै प्रदेश सरकारलाई थप जवाफदेही बनाउन र ऐनको कार्यान्वयनमार्फत प्रदेश तहका काम कारवाहीहरु स्वच्छ, पारदर्शी, सहभागीतामुलक र उच्च कोटीको बनाउँदै प्रदेशलाई थप प्रभावकारी बनाउन पहल गर्नु ।

## अध्ययन विधि

बागमती प्रदेश सभाबाट जारी भई कार्यान्वयनमा रहेको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को कार्यान्वयन मापनको सन्दर्भमा रहेका संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरु, संस्थागत संरचना र सेवा प्रवाहका सम्बन्धमा गरिने अध्ययन प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि सैद्धान्तिक तथा व्यावहारिक दुवै अध्ययन विधि (doctrinal and non doctrinal) अपनाइएको छ । अध्ययनमा हालसम्म भएका नीतिगत व्यवस्था खासगरी संवैधानिक व्यवस्था, विद्यमान कानून तथा सोको कार्यान्वयनसम्बन्धी प्रदेश तहबाट भएका अभ्यासहरु तथा यससँग सम्बन्धित प्रकाशित लेख रचनाहरूको अध्ययन गरिएको छ भने कार्यान्वयनको सम्बन्धमा लक्षित समूहसंग छलफल, प्रमुख सूचनादाताहरूसँग अन्तर्वार्ता र व्यक्तिगत घटना अध्ययन गरिएको छ। त्यसैगरी अध्ययन टोलीले बिभिन्न सेवा प्रदायक निकायको अनुगमन गरी व्यवस्थितरुपमा तयार पारिएको प्रश्नावलीसहित यातायात व्यवस्था कार्यालय, साना÷ठुला सवारी, यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र लगायत ८ वटा कार्यालयहरुमा अनुगमन गरी व्यापक छलफल तथा अन्तरकृया सञ्चालन गरेको छ भने सेवाग्राहीसंग समेत प्रत्येक कार्यालयमा अन्तवार्ताहरु सञ्चालन गरेको छ ।

त्यसबाहेक उपसमितिको नेतृत्वमा बागमती प्रदेश हेटौंडामा नीजि क्षेत्रका बिभिन्न सरोकारवालाहरुसंग समेत लक्षित समुह छलफल कार्यक्रमहरु सञ्चालन गरी पृष्ठपोषण प्राप्त गरेको छ। त्यसैगरी प्रतिवेदनले विद्यमान कानूनको अध्ययन तथा समीक्षा गरेको छ। त्यसैगरी अध्ययनको क्रममा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु, अन्य समितिका सदस्य लगायत विभिन्न जिम्मेवार व्यक्तिहरु संगसमेत छलफल गरी वहाँहरुका पृष्ठपोषण अध्ययनमा समेटिएको छ ।

## सुझावहरु

यस समीक्षात्मक अध्ययनका आधारमा प्रदेश सरकारलाई देहायबमोजिम सुझावहरु प्रस्ताव गरिएको छः

### नीतिगत सुधारतर्फ

(क) प्रदेश सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५ का केही महत्वपूर्ण ब्यवस्थाहरु संघीय कानूनसंग बाझिएको र कतिपय ब्यवस्थाहरु अन्य प्रदेशसंग मिलान गर्नुपर्ने देखिएकोले अनुसुची बमोजिम तत्काल संशोधन विधेयक तयार पारी प्रदेश सभामा पेश गर्ने,

(ख) ऐनको प्रभावकारी कार्यान्वयनको लागि यथासिघ्र प्रदेश सवारी तथा यातायात ब्यवस्था नियमावली तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ग) सवारी तथा यातायात क्षेत्र अत्यन्तै बृहद भएको र यसले सडक, बीमा लगायतका विभिन्न क्षेत्रहरु समेट्नु पर्ने भएकोले यसै ऐनसंग मिलान हुने गरी सम्बन्धित प्रदेश ऐन तथा कानूनमा संशोधन गर्ने,

(घ) संविधानको धारा २३५ (३) बमोजिम प्रदेश र स्थानीय तह (समन्वय तथा विवाद समाधान) विधेयक मस्यौदा गरी प्रदेश सभामा पेश गर्ने,

(ङ) सेवा प्रवाहसंग सम्बन्धित कार्यविधि, मापदण्ड, निर्देशिकाहरुमा ऐनका ब्यवस्थाहरुसंग मिलान गर्ने गरी आवश्यक संशोधन गर्ने र आवश्यकता अनुसार नयाँ कार्यविधि, मापदण्ड वा निर्देशिका तयार पारि लागु गर्ने,

(च) संघीय यातायात ब्यवस्था ऐनमा लिखित परीक्षामा असफल भएपश्चात ९० दिन पछीमात्र आवेदन दिन पाउने ब्यवस्था रहेको तथा प्रदेश यातायात ब्यवस्था ऐनमा ३० दिनपछी भएपनि कार्यन्वयनमा ९० दिन नै भईरहेकोमा सुधार आवश्यक रहेको छ ।

(छ) कर्मचारीको ब्यवस्थापन २०६८ सालको O&M अनुसार नै चलिरहेको र दरबन्दी नबढेको कारण कार्यबोझ थेग्न कठिन भएकोले कार्यालयको कार्यबोझका आधारमा ओएनएम पुनरावलोकन गरी आवश्यक दक्ष कर्मचारीको ब्यवस्था गर्नु पर्ने ।

(ज) संस्थाको लिलामी दर्ता सम्बन्धी कानुनी जटिलता रहेको, ऐनको दफा ५२(१) मा तोकिए बमोजिमको सिकारु चालक अनुमतिपत्र र प्रमाणित लग बुकसहित उपस्थित हुनुपर्ने ब्यवस्थाका कारण काम गर्न कठिनाई रहेको, दफा ५३(२) को “परिक्षामा असफल हुने निवेदकले ३० दिन पछी मात्र पुनः निवेदन दिन सक्नेछ” भन्ने ब्यवस्थाले गर्दा निवेदकलाई अफ्ठ्यारो परेकोले नीतिगत रुपमा उक्त विषयहरु फुकाउनु पर्ने ।

(झ) आफ्नो राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेको नेपालस्थित विदेशी कुटनैतिक नियोगमा काम गर्ने कुटनैतिक तथा गैर कुटनैतिक सबै कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आएमा कुनै परिक्षा नलिई निःशुल्क सवारीचालक अनुमतिपत्र दिने ब्यवस्था हुनु पर्ने।

(ञ) तीनपटक ट्रायल फेल भएपछी फेरी लिखित परीक्षा दिने ब्यवस्था उपयुक्त नरहेकोले सम्बन्धित कानूनमा आवश्यक सुधार गर्नुपर्ने ।

(ट) २ पाङ्ग्रे सवारी साधनलाई च्ष्मभ कजबचष्लन सेवामा आवद्ध गर्ने, सवारीको वर्गीकरणमा डेजर्ट तथा अन्य मनोरञ्जनात्मक क्रियाकलापमा प्रयोग हुने सफारी आदि वर्गीकरण थप गर्न

उपयुक्त हुने, प्रशिक्षण केन्द्र दर्ता सम्बन्धी विषय र वर्कसप सम्बन्धी विषय समावेश गर्नुपर्ने।

(च) सवारीचालक अनुमतिपत्र नवीकरण सम्बन्धी दफा ६०(४) बमोजिमको ब्यवस्थामा अवधि थप गरी बहाल रहने अवधि १० वर्ष बनाउन उपयुक्त हुने ।

(छ) मार्ग इजाजत सम्बन्धमा यातायात ब्यवस्थापन समितिमा सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको प्रतिनिधिलाई पनि सदस्यको रुपमा समावेश गर्नुपर्ने (रुट ब्यवस्थापनमा सहजीकरणका लागि), अस्थायी मार्ग निर्धारण समितिमा समेत दफा १८७ मा स्थानीय तहको प्रतिनिधिलाई सदस्यका रुपमा समावेश गर्नुपर्ने,

(ज) पुँजी अनुरुप पंजीकरणको राजश्वमा प्रदेश आर्थिक ऐनले निर्धारण गरेको दस्तुर र संघीय राजश्वबीच तालमेल मिलाउनुपर्ने, प्रशिक्षण केन्द्र दर्ता गर्ने अधिकार कार्यालयलाई दिनुपर्ने ।

(झ) वर्कसप सम्बन्धी विषयमा जांचपास, प्रदुषण चेकजाँच लगायतका सेवाप्रवाह वर्कसपमार्फत गर्न सक्ने गरी निश्चित क्षेत्र तोकी निजी क्षेत्रलाई समावेश गराउनु पर्ने ।

(ञ) वैदेशिक रोजगार र अध्ययनमा गएको व्यक्तिको ५ वर्षपछि लाइसेन्स खारेज हुने व्यवस्था अनुपयुक्त भएकोले ऐनमा आवश्यक संशोधन गर्नुपर्ने ।

(ट) ऐनमा सवारी धनी मरेमा ९० दिनभित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेकोले धार्मिक कारणले समेत उक्त व्यवस्था ६ महिना वा बढी राख्नु आवश्यक रहेको,

**ऐनको कार्यान्वयनतर्फ**

(क) ऐनको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संस्थागत संरचना, दक्ष र पर्याप्त कर्मचारी उपलब्ध गराउनु पर्ने । कार्यालय दोहोरो, तेहेरो परेका ठाउँमा संघ र स्थानीय तहसंग आवश्यक समन्वयका लागि विषयगत समितिलाई सकृय बनाउनुपर्ने,

(ख) बजेट विनियोजन गर्दा स्पष्ट मापदण्ड बनाई आवश्यक्ताको आधारमा उपयोगिताको पुष्टि हुने गरी सर्बपक्षिय सहभागितामुलक तथा दिर्घकालिन बिकासको आधार पुष्टि हुने गरी प्रदेशको कार्यक्षेत्र भित्र रही बजेट तर्जुमा गर्ने, स्थानीय तहबाट सुरुवात गर्ने, सहभागीतामुलक पद्दतीको अवलम्बन गर्ने र टुक्रे योजनाको अन्त्य गर्ने ।

(ग) परियोजना बैंक बनाएर योजना छनौट गर्ने अभ्यास थालनी यथासिघ्र गर्नुपर्ने ।

(घ) सेवा प्रदायक निकायलाई जग्गाको विवाद, रुख काट्न, पोल हटाउन सहयोग प्राप्त नभएको अवस्थामा उक्त निकायहरुसंग आवश्यक समन्वय गरी मार्ग प्रशस्त गर्नुपर्ने ।

(ङ) लाईसेन्सको नवीकरण गर्ने विषय अत्यन्तै ढिला हुने गरेका कारण संघीय सरकारसंग समन्वय गरी उक्त विषय फुकाउन आवश्यक पहल गर्नुपर्ने ।

(च) सडक अनुमती (road permit) को समयावधि र पञ्जीकरणका सम्बन्धमा सरोकारवालाहरु समक्ष छलफल गरी ब्यवहारिक बनाउने,

(छ) सवारीको प्लेट नं. हालसम्म पनि अञ्चलका आधारमा भएकोले उक्त ब्यवस्था प्रदेशबमोजिम हुने गरी अगाडी बढाउने,

(ज) सवारी तथा यातायात क्षेत्रको सुधारका लागि प्रदेशस्तरमा सवारी तथा यातायात निर्देशनालय वा प्राधिकरण निर्माण गरी स्वतन्त्र र स्वायत्तरुपमा सवारी तथा यातायातको नियमन गर्ने ब्यवस्था मिलाउनु उपयुक्त हुने,

(झ) यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ब्यवस्था गर्ने,

(ञ) भारतीय सवारीको निर्वाध प्रवेशमा नियमन गर्ने र नेपाली सवारी साधन र भारतीय सवारी साधनलाई दिने अनुमतीका सम्बन्धमा नेपाली ब्यवसायिको प्रवद्र्धनलाई ध्यानमा राखि ब्यवस्था गर्नुपर्ने,

(ज) सवारी चालक, सहचालक उत्पादनको लागि तालिम केन्द्र र चालक अनुमतीपत्रको बर्गीकरण सम्बन्धी ब्यवस्था गर्ने ।

(झ) संघीय VRS मा कामको बोझ हुँदा नचल्ने अवस्थाको श्रृजना भएको, सेवा प्रवाहको अवस्था अझै पनि ढड्डा खोज्नुपर्ने हुँदा फाइल फेला नपर्ने समस्या र ढिलाई हुने अवस्थाको अन्त्यको लागि आवश्यक श्रोत साधन तथा दक्ष जनशक्ति उपलब्ध गराई सेवा प्रवाहमा चुस्त र दुरुस्त बनाउने।

(ञ) प्रदेशको आफ्नै EDL system नहुँदा काममा समस्या आएको, URL system प्रभावकारी नभएको, टिकट र भिड हुने गुनासो आउने गरेको तर हालसम्म सम्बोधन नभएको जस्ता समस्या सम्बोधनको लागि आवश्यक प्रविधि, दक्ष जनशक्ति र बजेटको व्यवस्था गर्नुपर्ने ।

## निष्कर्ष

सवारी तथा यातायात सर्वसाधारण नागरिकको लागि अत्यन्तै महत्वपूर्ण विषयको रुपमा रहेको छ। सडक सुशासन, मर्यादित र व्यवस्थित सार्वजनिक यातायातको लागि पर्याप्त भौतिक पुर्वाधारको ब्यवस्था, व्यवस्थित सार्वजनिक यातायातका साधनहरु, उत्तरदायी र जिम्मेवार निकाय तथा सहज र सरल पहुँचको सुनिश्चितता हुनु आवश्यक हुन्छ। त्यसको लागि प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयले आफ्नो कार्यसम्पादन ९ वटा यातायात ब्यवस्था कार्यालय, २ वटा यातायात व्यवस्था सेवा कार्यालयबाट सम्पादन गर्दै आएको अध्ययनबाट देखिएको छ।

यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, ब्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने उद्देश्यसहित प्रदेश सभाले तर्जुमा गरी जारी गरेको प्रदेश सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५ आजभन्दा करिव ६ बर्ष अगावै जारी भएको भएपनि हालसम्म उक्त ऐन कार्यान्वयनको लागि आवश्यक पर्ने नियमावली बनेको छैन। जम्मा २२२ वटा दफामा समेटिएको बृहत कानून कार्यान्वयनको लागि पर्याप्त संस्थागत संरचना, दक्ष जनशक्ति, आवश्यक श्रोत, साधन र प्रतिवद्ध कर्मचारी प्रशासन आवश्यक हुन्छ। ऐन कार्यान्वयनको लागि केही नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डहरु तयार पारी कार्यान्वयनमा आएको भने देखिन्छ, जुन सकारात्मक पक्ष हो।

सवारी तथा यातायात ब्यवस्था जस्तो आम रुपमा नागरिकको सरोकार राख्ने विषयमा प्रदेश सभाबाट कानून तर्जुमा भई लागु हुनु ठुलो उपलब्धिको रुपमा मान्नु पर्दछ। तर हालसम्म पनि प्रदेश सवारी तथा यातायात ऐन कार्यान्वयन गर्न सरकारको तर्फबाट नियमावली जारी नभएका कारण ऐनले ब्यवस्था गरेका प्रत्यायोजित विधायन अन्तर्गतका थुप्रै विषयहरु कार्यान्वयन हुन पाएका छैनन, सेवा प्रदायक निकायहरुले हालसम्म पनि संघीय ऐन तथा नियमावली कार्यान्वयन गर्दै आएको अध्ययनबाट देखिन्छ । सवारी तथा यातायात सम्बन्धी विषय सवै क्षेत्र र सेवाका लागि आवश्यक पर्ने भएकाले एउटा मात्र, तह, मन्त्रालय वा निकायबाट मात्र सम्भव नहुने हुन्छ। त्यसको लागि ठाडो र तेर्सो समन्वय तथा सहकार्य आवश्यक हुन्छ ।

अध्ययन गरिएका ८ वटा सेवा प्रदायक कार्यालयहरु केही नीतिगत समस्या, केही संस्थागत संरचना र केही श्रोत र साधनको अभावका कारण समस्याग्रस्त देखिएका छन्। सहभागीतामुलक योजना तर्जुमा र कार्यान्वयन, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, सुचना प्रवाह जस्ता महत्वपूर्ण विषयहरु स्पष्ट कार्यविधिको अभावमा कार्यान्वयन हुन सकेका छैनन भने भएका समेत प्रभावकारी नभएको अध्ययनले देखाएको छ। उक्त कार्यालयहरुले संघीय ऐन कार्यान्वयन गरेको हो वा प्रदेश ऐन भन्ने नै स्पष्ट छैन। यस प्रकारको अन्योलताले सेवा प्रवाहमा समस्या श्रृजना गर्दछ

ऐनले व्यवस्था गरेका अधिकारका विषयहरु, संस्थागत संरचना र सेवा प्रवाह गर्न सकिएमा ऐनको स्वीकार्यता सर्वत्र हुने सम्भावना रहेको छ । अध्ययन गरिएका सवै जसो कार्यालयहरुको प्रतिकृया बमोजिम ऐनमा भएका सार्वजनिक सुनुवाई गराउनु पर्ने, गुनासो व्यवस्थापन गर्नुपर्ने, कार्य सम्पादन करार सम्बन्धी व्यवस्था, योजना तर्जुमा र कार्यान्वयनमा नागरिक समाज र सरोकारवालाको सहभागीता सुनिश्चित गर्नुपर्ने जस्ता विषयहरु संशोधन गर्नुपर्ने मागहरु आएको पाइएको छ। तसर्थ सेवा प्रदायक निकायहरुले यस प्रकारका व्यवस्थाहरु बोझको रुपमा लिने गरेको पाइएको छ। अतः नागरिकको लागि महत्वपूर्ण हुने विषयहरु सेवा प्रदायकको लागि बोझ मान्ने भयो भने जवाफदेहीता सुनिश्चित गर्न सकिदैन । ऐनमा भएका सुनौला व्यवस्थाहरु व्यवहारमा कार्यान्वयन हुन सकेनन् भने ऐनको औचित्य माथिनै प्रश्न चिन्ह खडा हुन्छ ।

बागमती प्रदेश सरकारले जारी गरेको पाँच बर्षीय दोश्रो आवधिक योजना (आ.व. २०८१/०८२—२०८५/०८६) ले सवारी तथा यातायातको क्षेत्रको विकाशको लागि अत्यन्तै महत्पूर्ण योजना अगाडी सारेको छ। त्यसैगरी बागमती प्रदेश सरकारको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम अन्तर्गत सवारी तथा यातायात क्षेत्रलाई समेत पर्याप्त स्थान दिईएको छ। तर त्यसको कार्यान्वयनको लागि समेत ऐनको समय अनुकुल संशोधन तथा परिमार्जन, नियमावली जारी गर्ने र आवश्यकता अनुसार क्षेत्रगत कार्यविधि, मापदण्ड वा निर्देशिकाहरु जारी गर्नुपर्ने हुन्छ ।

प्रदेशको आफ्नै स्रोत साधनमा कानून कार्यान्वयन अधिकारीको अभाव, संवैधानिक अधिकारका वारेमा स्पष्ट सीमा निर्धारणको अभाव र संघले समयमा संघिय ऐन, कानून नबनाउनुले प्रदेश कानुन तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता ल्याउने विषय आफैमा चुनौतीपूर्ण देखिन्छ। यति हुँदा हुँदैपनि यस ऐनको प्रभावकारी कार्यान्वयनले प्रदेशको गरिमा उच्च राख्न र संघीय सरकार, अन्य प्रदेश सरकार र स्थानीय तहको लागिसमेत मार्गदर्शन बन्न सक्ने देखिन्छ। त्यसको लागि कतिपय संविधानमा रहेका जटिलताको सम्बोधन र अन्य कतिपय विषय ऐनको संशोधनबाट हुन आवश्यक देखिन्छ । संस्थागत सुधारका सम्बन्धमा भौतिक पुर्वाधारको अभाव, पर्याप्त साधन, श्रोत र दक्ष जनशक्तिको अभाव, कतै दोहोरो तेहेरो कार्यालय भएको कतै हुँदै नभएको, कतै काम नै नपाएर बस्नु परेको त कतै निकै चाप भएको पाइएको छ। भौगोलिक कठिनाईका कारणसमेत कार्यान्वयन पक्षमा केही जटिलता भएको देखिन्छ। त्यसैले संस्थागत संरचनालाई पुनर्संरचना गर्नु पर्ने देखिन्छ भने सेवा प्रवाहमा प्रभावकारीता, कर्मचारी ब्यवस्थापन, टुक्रे योजना प्रणालीको अन्त्य, सहकार्यमुलक नीति तथा योजना तर्जुमा र कार्यान्वयन हुन सकेमा यसले सहि अर्थमा संघीय प्रणालीलाई सघाउ पु¥याउँदै प्रदेशको गरिमालाई निकै बढाउन सक्ने हुन्छ। बागमती प्रदेशमा सवारी तथा यातायात क्षेत्रको सुधारका निम्ति चाल्नु पर्ने कदम र ऐन कार्यान्वयनको लागि गर्नुपर्ने संशोधनका ब्यवस्था, नियमावली जारी गर्ने, संस्थागत संरचनामा सुधार र सेवा प्रवाहको निम्ति यस अध्ययनले प्रदेश सरकारलाई मार्गदर्शन दिने अपेक्षा गरिएको छ ।

## २.३ समितिद्वारा सम्पन्न कार्यक्रमहरु

### २.३.१. विषयगत समितिका सदस्यहरूलाई विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

विधेयक मस्यौदा तयार गर्ने र प्रतिवेदन लेखन गर्ने क्षमताहरू विषयगत समितिका सदस्यहरूको प्रभावकारीताको लागि अत्यन्त महत्वपूर्ण छन्। बागमती प्रदेश सभाको प्रदेश मामिला समिति तथा उद्योग, पर्यटन तथा वातावरण समितिको संयुक्त आयोजनामा २०८२ साल वैशाख २७ र २८ गते नगरकोटमा दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रममा कानुनी विशेषज्ञ र संसदीय कर्मचारीहरूले विधायन प्रक्रियाको सैद्धान्तिक र व्यवहारिक पक्षमा सहभागी माननीय सदस्यहरूलाई प्रशिक्षण प्रदान गर्नुभएको थियो।

विधायन प्रक्रियामा विषयगत समितिहरूको भूमिकालाई थप सशक्त, जानकार र प्रभावकारी बनाउने उद्देश्यले दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको हो। विधेयकको मस्यौदा तयार गर्ने, संरचना बुझ्ने, प्रतिवेदन लेख्ने र संशोधन गर्ने व्यवहारिक पक्षहरूमा समिति सदस्यहरूको दक्षता अभिवृद्धि गर्नु प्रमुख लक्ष्य थियो।

अधिवक्ता मोहनलाल आचार्य, नेपालको संविधान निर्माण प्रक्रियासँग गहिरो रूपमा आबद्ध कानुनी विज्ञले विधायनको प्रक्रियागत पक्ष, प्रारम्भिक संरचना र कानुनी मापदण्डहरू र विधेयकको ढाँचा, संरचना र विधि निर्माणको अभ्यास बारे व्याख्या गर्नुभयो। अधिराज राई, संघीय संसद सचिवालयका उपसचिवले विधेयकसम्बन्धी प्रतिवेदन लेखनका व्यवहारिक पक्षहरू र प्रतिवेदनको ढाँचा, संशोधन लेख्ने तरिका र लेखन अभ्यास बारे प्रस्ट पार्नुभयो।

यस क्षमता अभिवृद्धि कार्यक्रमले विषयगत समितिका सदस्यहरूलाई विधेयक तर्जुमा, संशोधन र प्रतिवेदन लेखनजस्ता जटिल प्रक्रिया सरल तरिकाले बुझ्न र अभ्यास गर्न सक्ने वातावरण निर्माण गरेको थियो। सहभागीहरूको सक्रियता र सकारात्मक प्रतिक्रियाले कार्यक्रमको सफलता प्रमाणित गर्छ। भविष्यमा यस्ता कार्यक्रममा अझ फराकिलो सहभागिता र दीर्घकालीन सिप विकासको वातावरण बनाउन सकिने देखिन्छ।

### २.३.२ समितिका सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रम

समितिका सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रम अन्तर्गत प्रदेश मामिला समितिले २०८२ सालको जेष्ठ १५,१६ र १७ गते  गण्डकी प्रदेश सभाको  प्रदेश मामिला तथा कानून समितिसँग अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरेको थियो।।यस भ्रमणको उद्देश्य प्रदेशसभा बीचको सहकार्य, अनुभव आदानप्रदान, र विधायन प्रक्रिया सुदृढीकरणमा योगदान पुर्याउनु थियो।

यस कार्यक्रममा दुई समितिबीच विधायन प्रक्रिया, समिति संरचना, र संसदीय अभ्यासबारे आपसी अनुभूति आदानप्रदान भएको थियो। गण्डकी प्रदेशसभा, प्रदेश मामिला तथा कानून समितिका माननीय सभापति सहित माननीय सदस्यहरू, समिति सचिव, र अन्य पदाधिकारीहरूसँग अन्तरक्रिया भयो।समितिको संरचना र कार्यविधि, विधेयक निर्माण र संसोधन प्रक्रिया, उत्तरविधायिकी परीक्षण, सदस्यहरूको सहभागिता र अनुसन्धान क्षमताको सुदृढीकरण, अनुगमन संयन्त्र र अभिलेख व्यवस्थापन प्रणाली, सूचना प्रवाह, प्रतिवेदन प्रकाशन, र सार्वजनिक जवाफदेहिता  आदि छलफलका मुख्य विषयहरू रहेका थिए।

कार्यक्रमकै क्रममा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेसँग औपचारिक भेटघाट सम्पन्न भयो। उक्त भेटमा दुबै प्रदेशबीचको सहकार्य, विधायन प्रक्रियामा देखिएका

साझा चुनौतीहरू, र समन्वयको सम्भावनाबारे विचारविमर्श गरियो। मुख्यमन्त्रीज्यूले प्रदेशसभाहरूको अनुभव आदानप्रदानको यस्तो अभ्यासले संघीयताको संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

निष्कर्षमा, जेठमा सम्पन्न गण्डकी प्रदेशसभा भ्रमण र अन्तरक्रिया कार्यक्रम अत्यन्त फलदायी रह्यो। यसले दुवै प्रदेशबीचको सहकार्यको नयाँ ढोका खोल्नुका साथै संसदीय अभ्यासलाई व्यवस्थित, उत्तरदायी र जनमुखी बनाउने दिशामा ठोस योगदान पुर्यायो। यस्ता अनुभव आदानप्रदान कार्यक्रमहरूलाई आगामी दिनमा निरन्तरता दिनु आजको आवश्यकता हो।

# परिच्छेद-३
# निष्कर्ष

## ३.१ निष्कर्षः

प्रदेश मामिला समितिको यो वार्षिक प्रतिवेदनले समितिले गत एक वर्षभित्र सम्पादन गरेका मुख्य कार्यहरू, चुनौतीहरू, र उपलब्धिहरूको संक्षिप्त विवरण प्रस्तुत गर्दछ। समितिले विभिन्न बैठकहरू, उपसमितिहरूको गठन, तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू मार्फत प्रदेश सरकारको कार्यप्रणालीमा पारदर्शिता, जवाफदेहिता, र सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

विशेष गरी, प्रदेश सुशासन ऐन र प्रदेश सवारी तथा यातायात ऐनको कार्यान्वयनमा गरिएको उत्तरविधायिकी परीक्षणले प्रदेश सरकारलाई आवश्यक सुझावहरू दिन मद्दत पुर्याएको छ। यसले प्रदेशभित्रका नीतिगत, संस्थागत, र प्रशासनिक कमजोरीहरू पहिचान गरी तिनलाई समाधान गर्ने दिशा निर्देशन गरेको छ। साथै, अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रमले प्रदेशहरू बीच सहकार्य र सर्वोत्तम अभ्यासहरू साट्ने मार्ग प्रशस्त गरेको छ।

भविष्यमा, समितिले विपद् व्यवस्थापन, कानूनी सुधार, र सरकारी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन अझै बढी प्रयासहरू गर्ने आवश्यकता छ। प्रदेश सभाको निरन्तर निगरानी र सुझावहरूले प्रदेश सरकारको कार्यप्रणालीलाई नागरिकहरूको आवश्यकतानुरूप बनाउन मद्दत गर्ने अपेक्षा गरिन्छ।

## अनुसूची १
## समितिको बैठकमा माननीय सदस्यको उपस्थिति विवरण

| क्र.सं. | नाम, थर | पद | उपस्थिति | कैफियत |
|---|---|---|---|---|
| १. | मा. छिरिङ दोर्जे लामा | सभापति | ७ | |
| २. | मा. इन्द्र बहादुर बाँनिया | सदस्य | ३ | |
| ३. | मा. उध्दव थापा | सदस्य | ७ | |
| ४. | मा. उर्मिला सुनुवार | सदस्य | ७ | |
| ५. | मा. कन्चन चन्द्र वादे | सदस्य | ४ | |
| ६. | मा. कुमारी तामाङ | सदस्य | ५ | |
| ७. | मा. कृष्ण प्रसाद शर्मा खनाल | सदस्य | ६ | |
| ८. | मा. गंगा नारायण श्रेष्ठ | सदस्य | ५ | नवौं बैठकदेखि समितिको सदस्य हुनुभएको |
| ९. | मा. जगनाथ थपलिया | सदस्य | १ | नवौं बैठकदेखि समितिको सदस्य हुनुभएको |
| १०. | मा. जयराम थापा | सदस्य | ६ | |
| ११. | मा. प्रभात तामाङ | सदस्य | ७ | |
| १२. | मा. युवराज चौलागाई | सदस्य | ६ | |
| १३. | मा. रत्न प्रसाद ढकाल | सदस्य | ६ | |
| १४. | मा. डा.राजेन्द्र मान श्रेष्ठ | सदस्य | ० | नवौं बैठकदेखि समितिको सदस्य हुनुभएको |
| १५. | मा. राधिका तामाङ | सदस्य | ६ | |
| १६. | मा. शालिकराम जमकट्टेल | सदस्य | १ | नवौं बैठकदेखि समितिको सदस्य हुनुभएको |
| १७. | मा. शिवराज अधिकारी | सदस्य | ६ | |
| १८. | मा. सुरेन्द्रराज गोसाई | सदस्य | ३ | |

## अनुसूची २
## प्रदेश मामिला समितिका सदस्यहरूको विवरण

| क्र.सं. | नाम, थर | जिल्ला | राजनीतिक दल | सम्पर्क नं र ईमेल |
|---|---|---|---|---|
| १. | मा. छिरिङ दोर्जे लामा | काठमाडौं | नेपाली काँग्रेस | ९८५१०९७४२९<br>tseringg@gmail.com |
| २. | मा. इन्द्र बहादुर बाँनिया | मकवानपुर | नेपाली काँग्रेस | ९८५५०६८१८१<br>indrabaniya753@gmail.com |
| ३. | मा. उध्दब थापा | काठमाडौं | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५१०५९९७६<br>uddhabthapa561@gmail.com |
| ४. | मा. उर्मिला सुनुवार | दोलखा | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) | ९८५११३८०७५<br>sunuwarurmila@gmail.com |
| ५. | मा. कन्चन चन्द्र वादे | काभ्रेपलाञ्चोक | नेपाली काँग्रेस | ९८५१०५९२५१<br>kanchanbade@gmail.com |
| ६. | मा. कुमारी तामाङ | सिन्धुपाल्चोक | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५१०२५८८७<br>mekumaritamang@gmail.com |
| ७. | मा. कृष्ण प्रसाद शर्मा खनाल | चितवन | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) | ९८५१२४१९६६<br>krishnakhanal918@gmail.com |
| ८. | मा. गंगा नारायण श्रेष्ठ | सिन्धुली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५११३९६६१<br>ganga.nshrestha@gmail.com |
| ९. | मा. जगनाथ थपलिया | चितवन | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५५०५७२०५<br>jnthapaliya60@gmail.com |

| क्र.सं. | नाम, थर | जिल्ला | राजनीतिक दल | सम्पर्क नं र ईमेल |
|---|---|---|---|---|
| १०. | मा. जयराम थापा | काठमाडौं | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) | ९८५१०४५५९०<br>jrtthapa@gmail.com |
| ११. | मा. प्रभात तामाङ | रसुवा | नेपाली काँग्रेस | ९८५१०६१६३३<br>prabhatlama4@gmail.com |
| १२. | मा. युवराज चौलागाई | रामेछाप | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५११०१८१४<br>raj.yuba21@gmail.com |
| १३. | मा. रत्न प्रसाद ढकाल | काभ्रेपलाञ्चोक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५११११९३१<br>ratnadhakal7@gmail.com |
| १४. | मा. डा. राजेन्द्र मान श्रेष्ठ | भक्तपुर | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) | ९८५१०८२०८०<br>rajendrashr@gmail.com |
| १५. | मा. राधिका तामाङ | नुवाकोट | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८४३६७८२७१<br>tamang.radhika11@gmail.com |
| १६. | मा. शालिकराम जमकट्टेल | धादिङ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५११००१०९<br>shalikram81@gmail.com |
| १७. | मा. शिवराज अधिकारी | धादिङ | नेपाली काँग्रेस | ९८४१५५४६९३<br>shivarajadhikari2005@gmail.com |
| १८. | मा. सुरेन्द्रराज गोसाई | भक्तपुर | नेपाल मजदुर किसान पार्टी | ९८५११३१५९१<br>yashraj2069@gmail.com |

## अनुसूची ३
## प्रदेश मामिला समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालय तथा कार्यालयहरूको विवरण

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र.सं. | मन्त्रालय/कार्यालय | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मा.बहादुर सिंह लामा (तामाङ) | मुख्यमन्त्री | ९८५११११०७५९ |
| | | श्री भुपाल बराल | प्रमुख सचिव | ०५७-५२०५३३ |
| २. | प्रदेश सुशासन केन्द्र | श्री गोपाल कृष्ण न्यौपाने | कार्यकारी निर्देशक | |

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र.सं. | मन्त्रालय/कार्यालय | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मा.सुरज चन्द्र लामिछाने | मन्त्री | ९८५१०३६१३६ |
| | | श्री कृष्ण बहादुर शाही | सचिव | ९८५५०७८२७५ |
| २. | सञ्चार रजिष्ट्रारको कार्यालय | श्री रेवती प्रसाद सापकोटा | सञ्चार रजिष्ट्रार | ९८५५०२२३४५ |

### श्रम, रोजगार तथा यातायात मन्त्रालय

| क्र.सं. | मन्त्रालय/कार्यालय | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|---|
| १. | श्रम, रोजगार तथा यातायात मन्त्रालय | मा.प्रेमभक्त महर्जन | मन्त्री | ९८४१४००७६४ |
| | | श्री वीरेन्द्रदेव भारती | सचिव | ९८५५०८३९४४ |
| २. | यातायात व्यवस्था कार्यालय साना/ठूला सवारी, एकान्तकुना, ललितपुर | श्री पवित्र कुवर | कार्यालय प्रमुख | ९८५१३४९४३९ |
| ३. | यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गुर्जुधारा, काठमाडौं | श्री नेत्र प्रसाद भट्टराई | कार्यालय प्रमुख | ९८५११८५४३४ |
| ४. | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, एकान्तकुना, ललितपुर | श्री केशव कुमार जि.एम. | कार्यालय प्रमुख | ९८५१२०४१७४ |
| ५. | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, राधेराधे, भक्तपुर | श्री डण्ड बहादुर बस्नेत | कार्यालय प्रमुख | ९८५११९७२५६ |

| क्र.सं. | मन्त्रालय/कार्यालय | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|---|
| ६. | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, चाबहिल, काठमाडौं | श्री पेशल कुमार पोखरेल | कार्यालय प्रमुख | ९८५१३४७३८७ |
| ७. | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, ठूलोभर्याङ, काठमाडौं | श्री रिता यादव | कार्यालय प्रमुख | ९८५१३४७७४३ |
| ८. | यातायात व्यवस्था कार्यालय, हेटौंडा, मकवानपुर | श्री प्रविण श्रेष्ठ | कार्यालय प्रमुख | ९८५५०२६१५८ |
| ९. | यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवन | श्री विष्णु कुमार भट्टराई | कार्यालय प्रमुख | ९८५५०३४३१० |
| १०. | यातायात व्यवस्था कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक | श्री राजु प्रसाद मैनाली | कार्यालय प्रमुख | ९८४५४६४८४७ |
| ११. | यातायात व्यवस्था कार्यालय, खुर्कोट, सिन्धुली | श्री तारा किरण राई | कार्यालय प्रमुख | ९८५१०२२३०२ |
| १२. | यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी, भक्तपुर | श्री बद्री प्रसाद निरौला | कार्यालय प्रमुख | ९८५११८९५६४ |
| १३. | यातायात व्यवस्था सेवा कार्यालय, सानोभर्याङ, काठमाडौं | श्री नविना रिजाल | कार्यालय प्रमुख | ९८४८०३०४९९ |

# अनुसूची ४
# तस्वीरहरू



समितका बैठकका तस्विरहरु



# प्रदेश सुशासन ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमितिले उत्तरविधायिकी परीक्षणका क्रममा विभिन्न कार्यालयमा गरेका निरिक्षण तथा अन्तर्क्रियाका तस्वीरहरू




प्रदेश सुशासन केन्द्र,जावलाखेल, ललितपुर



जनस्वास्थ्य कार्यालय, काठमाडौं



पर्यटन विकास आयोजना कार्यान्वयन ईकाई कार्यालय, काठमाडौं



दहत्तर बहत्तर सम्बन्धी छलफल, मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक



खानेपानी तथा सरसफाई डिभिजन, रामेछाप



आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश



पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोक



मालपोत कार्यालय, साँखु



सरोकारवाला पक्षसँग अन्तर्क्रिया कार्यक्रम, हेटौंडा

## प्रदेश सवारी तथा यातायात ऐन कार्यान्वयन सम्बन्धी अध्ययन उपसमितिले उत्तरविधायिकी परीक्षणका क्रममा विभिन्न यातायात कार्यालयमा गरेका निरिक्षण तथा अन्तर्क्रियाका तस्वीरहरू




एकान्तकुना,ललितपुर



गुर्जुधारा, काठमाडौं



बनेपा, काभ्रेपलाञ्चोक



चाबहिल, काठमाडौं




राधेराधे, भक्तपुर




सरोकारवाला पक्षसँग अन्तर्क्रिया कार्यक्रम, हेटौंडा



विधेयक मस्यौदा तयारी तथा प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमका तस्वीरहरू








**अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिसँग अनुभव आदानप्रदानका तस्वीरहरू**

